नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

वर्ष ४ • अंक २०२ • २०८३ साल जेष्ठ २७ गते बुधबार • Wednesday 10, June 2026 • सूर्योदय: बिहान ०५:१० बजे • सूर्यास्त: साँझ ०६:५८ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## ठक्करबाट एकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको गढीमाई नगरपालिका–४ सुन्दरपुरस्थित समनपुर–गरुडा सडकखण्डमा सवारी साधनको ठक्करबाट एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा गढीमाई नगरपालिका–९ मलाहीटोल निवासी ४३ वर्षीय प्रमोद सहनी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक वसन्त गौतमले जानकारी दिए।

प्रहरीका अनुसार मंगलबार बिहान भएको दुर्घटनामा सहनी सवार साइकललाई अज्ञात सवारी साधनले ठक्कर दिएको प्रारम्भिक अनुमान गरिएको छ। घटनास्थलमा मृतकको बाँया खुट्टा साइकलको ह्यान्डलमा अड्किएको अवस्थामा फेला परेको तथा टाउकोमा गम्भीर चोट देखिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा संलग्न सवारी साधनको पहिचान हुन नसकेको र त्यसको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । मृतकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल गौरमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# रवि लामिछानेको संगठित अपराधसम्बन्धी अभियोगको मुद्दा खारेज



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित प्रतिवादीहरूमाथि लगाइएको संगठित अपराधसम्बन्धी अभियोग हटाउने आदेश गरेको छ। सहकारी ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा दायर अभियोगमध्ये संगठित अपराधको अभियोग हटाई सहकारी ठगीसम्बन्धी अभियोग मात्र कायम राख्ने गरी अदालतले निर्णय गरेको हो।

जिल्ला न्यायाधीश मोहन सुवेदीको इजलासले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोगपत्र संशोधन गर्न अनुमति दिँदै उक्त आदेश जारी गरेको हो।

मुद्दामा नेपाल सरकारका तर्फबाट जिल्ला न्यायाधिवक्ता मनोज प्रसाद गुप्ता र प्रतिवादी पक्षबाट अधिवक्ताद्वय दिपेन्द्र झा तथा चन्द्रिका प्रसाद पटेलले बहस गरेका थिए । विशाल सहनी गोढीलगायतको जाहेरीका आधारमा नेपाल सरकार वादी रहेको मुद्दामा जिल्ला सरकारी वकिल कार्यालय पर्साले अभियोगपत्र संशोधनका लागि निवेदन दायर गरेको थियो। अदालतले महान्यायाधिवक्ताको स्वीकृतिपछि दायर गरिएको निवेदन कानुनसम्मत रहेको ठहर गर्दै संगठित अपराधसम्बन्धी अभियोग सबै प्रतिवादीका हकमा हटाउने र सहकारी ठगीसम्बन्धी अभियोग यथावत् राख्ने आदेश दिएको हो । आदेशमा पीडित बचतकर्ताको रकम फिर्ता दिलाउने विषयलाई प्राथमिक उद्देश्यका रूपमा उल्लेख गरिएको छ।

संगठित अपराधको अभियोग हटे पनि सहकारी ठगीसम्बन्धी दाबी यथावत् रहने भएकाले पीडितको हितमा प्रतिकूल असर नपर्ने अदालतको भनाइ छ।

यसअघि कास्की जिल्ला अदालतले पनि सोही मुद्दामा संगठित अपराधसम्बन्धी अभियोग हटाउने निर्णय गरिसकेको थियो।

वीरगंजस्थित सानोपाइला बचत तथा ऋण सहकारी संस्थाको रकम दुरुपयोग तथा हिनामिनासम्बन्धी आरोपमा सभापति लामिछानेसहित २९ जनाविरुद्ध सहकारी ठगी तथा संगठित अपराध मुद्दा दायर गरिएको थियो । अदालतको पछिल्लो आदेशसँगै अब उक्त मुद्दामा प्रतिवादीहरूमाथि केवल सहकारी ठगीसम्बन्धी अभियोगमा मात्र सुनुवाइ अघि बढ्ने भएको छ।

# मधेश सरकारलाई ३० अर्ब ४१ करोड ८५ लाख उपलब्ध हुने




**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले आगामी आर्थिक वर्ष २०८३/ ८४ का लागि मधेश प्रदेश सरकारलाई विभिन्न शीर्षकमा ३० अर्ब ४१ करोड ८५ लाख रुपैयाँभन्दा बढी अनुदान तथा राजस्व बाँडफाँट उपलब्ध गराउने भएको छ । संघीय सरकारद्वारा सार्वजनिक बजेट तथा वित्तीय हस्तान्तरण विवरण अनुसार मधेश प्रदेशले समानीकरण अनुदान अन्तर्गत ७ अर्ब ८४ करोड ८५ लाख रुपैयाँ प्राप्त गर्ने अर्थ मन्त्रालयले जनाएको छ।

यस्तै, राजस्व बाँडफाँटमार्फत १२ अर्ब ८३ करोड रुपैयाँ प्राप्त हुने भएको जनाएको छ । त्यसैगरी, संघीय सरकारले सशर्त अनुदान शीर्षकमा ८ अर्ब १० करोड रुपैयाँ विनियोजन गरेको छ। विभिन्न विकास आयोजना तथा कार्यक्रम सञ्चालनका लागि विशेष अनुदान अन्तर्गत ७० करोड रुपैयाँ तथा समपूरक अनुदान अन्तर्गत ९४ करोड रुपैयाँ उपलब्ध गराइने भएको छ।

समग्रमा मधेश प्रदेशले आगामी आर्थिक वर्षमा संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष, सम्पूरक अनुदान तथा राजस्व बाँडफाँट गरी कुल ३० अर्ब ४१ करोड ८५ लाख रुपैयाँ प्राप्त गर्ने जनाएको छ । प्रदेश सरकारका लागि प्राप्त हुने यी स्रोतहरू पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा अन्य सार्वजनिक सेवा प्रवाहका कार्यक्रम सञ्चालनमा खर्च गरिने अपेक्षा गरिएको छ।

# भारत छिर्न खोज्ने दुई विदेशी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
भारत–नेपाल सीमास्थित रक्सौल नाकाको मैत्री पुलबाट वैध भिसाबिना भारत प्रवेश गर्न खोजेका दुई विदेशी नागरिकलाई भारतीय सुरक्षा निकायले पक्राउ गरेको छ । दैनिक जाँचका क्रममा म्यानमारका एक पुरुष र स्विट्जरल्यान्डकी एक महिलालाई अवैध रूपमा भारतीय सीमा प्रवेश गर्न खोजिरहेको अवस्थामा नियन्त्रणमा लिइएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

पक्राउ पर्नेमा म्यानमारका आङ निङ लाट र स्विट्जरल्यान्डकी जुनिला बेक श्रेष्ठ रहेका छन् । उनीहरूलाई बिहार राज्यको हरैया थाना क्षेत्रअन्तर्गत पर्ने मैत्री पुलमा नियमित सुरक्षा जाँचका क्रममा नियन्त्रणमा लिइएको बताइएको छ।

हरैया थाना प्रमुख कृष्ण पासवानका अनुसार पक्राउ परेका दुवै विदेशी नागरिकलाई आवश्यक कानुनी कारबाहीका लागि मोतिहारी अदालतमा उपस्थित गराउने प्रक्रिया अघि बढाइएको छ । भारतीय अध्यागमन विभाग तथा अन्य सुरक्षा निकायले उनीहरू वैध कागजातबिना भारतीय सीमा प्रवेश गर्न खोज्नुको उद्देश्यबारे अनुसन्धान गरिरहेका छन्।

भारतीय सुरक्षा अधिकारीहरूका अनुसार भारत–नेपाल सीमामा फरक–फरक दुई देशका विदेशी नागरिकलाई एकैपटक अवैध रूपमा सीमा पार गर्न खोजेको अवस्थामा पक्राउ गरिएको यो दुर्लभ घटना हो।

# प्रधानाध्यापकलाई ज्यान मार्ने धम्की दिने पक्राउ


जङ्गबहादुर ठाकुर, प्रधानाध्यापक


राहुल साह (पक्राउ परेका व्यक्ति)

**प्रमोद सहनी**
**रौतहट।**
गरुडा नगरपालिका–८ बसबिट्टी जिंगडियास्थित रामचन्द्र माध्यमिक विद्यालयमा प्रधानाध्यापकलाई ज्यान मार्ने धम्की दिइएको, विद्यालयको शैक्षिक वातावरण बिथोलिएको तथा शिक्षक कर्मचारीमाथि निरन्तर मानसिक दबाब सिर्जना गरिएको आरोपपछि विद्यालय क्षेत्रमा तनाव उत्पन्न भएको छ । घटनापछि विद्यार्थीहरू नै सडकमा उत्रिएर दोषीमाथि कानुनबमोजिम कारबाही गर्न र विद्यालयको शान्ति सुरक्षा सुनिश्चित गर्न माग गरेका छन्।

विद्यालय प्रशासनका अनुसार विगत करिब एक वर्षदेखि राहुल साहले विद्यालयका प्रधानाध्यापक जङ्गबहादुर ठाकुर, विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूमाथि विभिन्न आरोप लगाउँदै सामाजिक सञ्जालमार्फत चरित्रहत्या गर्ने, विद्यालयको प्रतिष्ठामाथि प्रहार गर्ने तथा पठनपाठन प्रभावित हुने गतिविधि गर्दै आएका थिए । विद्यालयले यस्ता गतिविधिले शिक्षक, कर्मचारी र विद्यार्थीमा त्रासको वातावरण सिर्जना गरेको जनाएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गौरीशंकर प्रसाद पालको अध्यक्षतामा सम्पन्न सर्वदलीय तथा सर्वपक्षीय बैठक गएको २०८२ कात्तिक महिनामा आर्थिक वर्ष २०८१–८२ को आय व्यय विवरण अभिभावक, शिक्षाप्रेमी, बुद्धिजीवी, समाजसेवी तथा जनप्रतिनिधिहरूको उपस्थितिमा सार्वजनिक गरिएको थियो । विद्यालयले बैठकमार्फत सम्पूर्ण आर्थिक कारोबार पारदर्शी ढंगले प्रस्तुत गरिसकिएको दाबी गरेको छ । तथापि, विद्यालय प्रशासनमाथि निरन्तर आरोप लगाउने क्रम नरोकिएको विद्यालय पक्षको भनाइ छ।

विद्यालयले जारी गरेको प्रेस विज्ञप्तिअनुसार केही दिनअघि राहुल साह विद्यालय परिसरमै प्रवेश गरी प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीमाथि अभद्र व्यवहार गरेका थिए । विज्ञप्तिमा साहले प्रधानाध्यापक ठाकुरलाई गालीगलौज गर्नुका साथै 'छुरा प्रहार गरेर देखाइदिन्छु' भन्ने आशयका धम्कीसमेत दिएको आरोप लगाइएको छ । घटनाको प्रत्यक्षदर्शीका रूपमा सहायक प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य तथा अन्य व्यक्तिहरू रहेको विद्यालयले जनाएको छ।

विद्यालय प्रशासनका अनुसार घटना भएको दिन विद्यालयको वातावरण तनावग्रस्त बनेपछि इलाका प्रहरी कार्यालय गरुडालाई जानकारी गराइएको थियो । त्यसपछि प्रहरी टोलीले साहलाई नियन्त्रणमा लिएको थियो। पक्राउ परेका साहलाई छोड्ने चर्चा चलेपछि विद्यालयका विद्यार्थीहरू आन्दोलित बनेका थिए।

विद्यार्थीहरूले विद्यालय परिसरबाट नाराजुलुससहित इलाका प्रहरी कार्यालय गरुडासम्म पुगेर प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा उनीहरूले 'ज्यान मार्ने धम्की दिनेलाई कारबाही गर', 'शिक्षकमाथिको दुव्र्यवहार बन्द गर', 'विद्यालयमा शान्ति–सुरक्षा कायम गर' लगायतका नारा लगाएका थिए। विद्यार्थीहरूले कसैको दबाब वा प्रभावमा नपरी निष्पक्ष अनुसन्धान गर्न प्रहरी प्रशासनसँग माग गरेका छन्।

प्रदर्शनमा सहभागी एक विद्यार्थीले भने, 'विद्यालय हाम्रो भविष्य निर्माण गर्ने थलो हो। यहाँ बारम्बार विवाद र धम्कीका घटना हुँदा हामी असुरक्षित महसुस गरिरहेका छौं। दोषी जो भए पनि कानुनअनुसार कारबाही हुनुपर्छ।'

अर्को विद्यार्थीले भने, 'हामीले सम्मान गर्ने शिक्षक र प्रधानाध्यापकमाथि ज्यान मार्ने धम्की दिइनु अत्यन्त गम्भीर विषय हो । यस्ता गतिविधि दोहोरिन नदिन प्रशासनले कडा कदम चाल्नुपर्छ।'

घटनाबारे अभिभावकहरूले समेत चिन्ता व्यक्त गरेका छन्। स्थानीय अभिभावकहरूको भनाइमा विद्यालयमा हुने कुनै पनि विवाद कानुनी र संस्थागत प्रक्रियाबाट समाधान हुनुपर्छ, व्यक्तिगत आक्रोश र धम्कीको माध्यमबाट होइन।

एक अभिभावकले भने, 'विद्यालय राजनीतिक वा व्यक्तिगत प्रतिशोध साँध्ने स्थान बन्नु हुँदैन। यदि कुनै गुनासो छ भने सम्बन्धित निकायमा उजुरी गर्नुपर्छ। शिक्षक र विद्यार्थीलाई डरको वातावरणमा राख्ने अधिकार कसैलाई छैन।'

विद्यालयका प्रधानाध्यापक जङ्गबहादुर ठाकुरले आफूलाई लामो समयदेखि सामाजिक सञ्जालमार्फत बदनाम गर्ने, मानसिक तनाव दिने तथा चरित्रहत्या गर्ने प्रयास भइरहेको दाबी गरे । उनले विद्यालयको शैक्षिक विकास र गुणस्तर सुधारमा केन्द्रित हुँदा पनि अनावश्यक आरोप र धम्कीको सामना गर्नुपरेको बताए।

'हामी विद्यालयको शैक्षिक स्तर उकास्न र विद्यार्थीको भविष्य निर्माण गर्न समर्पित छौँ तर विगत लामो समयदेखि निरन्तर आधारहीन आरोप, सामाजिक सञ्जालमार्फत बदनाम गर्ने प्रयास र व्यक्तिगत धम्कीका कारण विद्यालयको वातावरण प्रभावित भएको छ,' प्रधानाध्यापक ठाकुरले भने, 'घटनाको निष्पक्ष छानबिन गरी सत्यतथ्य बाहिर ल्याइयोस् भन्ने हाम्रो माग हो।'

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गौरीशंकर प्रसाद पालले विद्यालयको सम्पूर्ण आर्थिक तथा प्रशासनिक गतिविधि पारदर्शी रहेको दाबी गर्दै विद्यालयमाथि लगाइएका आरोप तथ्यहीन भएको बताए। उनले विद्यालयको गरिमा र शैक्षिक वातावरणमा आघात पुग्ने गतिविधिविरुद्ध कानुनी उपचार खोजिने स्पष्ट पारे।

विद्यालयले जारी गरेको विज्ञप्तिमा पत्रकारिता क्षेत्रप्रति सम्मान व्यक्त गर्दै पत्रकारिताको नाममा कुनै पनि व्यक्तिले शैक्षिक संस्थाको गरिमा र प्रतिष्ठामा आँच पुर्याउने गतिविधि गर्न नहुने उल्लेख गरिएको छ । साथै विद्यालयले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न प्रशासनसँग माग गरेको छ।

यसैबीच इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी शंकर प्रसाद आचार्यले घटनामा पक्राउ परेका व्यक्तिविरुद्ध कानुनी प्रक्रिया अघि बढाइएको जानकारी दिएका छन्। उनका अनुसार अदालतबाट दश दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ । 'घटनासम्बन्धी उजुरीका आधारमा मुद्दा दर्ता गरी अनुसन्धान अगाडि बढाइएको छ। हामी कसैको दबाब वा प्रभावमा पर्दैनौं। निष्पक्ष रूपमा अनुसन्धान गरी कानुनअनुसार आवश्यक प्रक्रिया पूरा गरिनेछ,' आचार्यले बताए।

# युनुस अन्सारी विदेश फरार भएको आशंका

**मधेशदृष्टि**
**वीरगंज।**
नक्कली भारतीय नोट कारोबारमा पटक–पटक पक्राउ पर्दै आएका बाराका युनुस अन्सारी फेरि एक पटक जेलमुक्त भएको खुलेको छ। उनी हाल अदालतमा धरौटी बुझाएर सुटुक्क रिहा भएको बताइएको छ।

अन्सारी यसअघि २०७६ सालमा त्रिभुवन विमानस्थलबाट ठूलो परिमाणको नक्कली भारतीय नोटसहित पक्राउ परेका थिए । अदालतले उनलाई ६ वर्ष कैद र जरिवाना तोकेको थियो।

सजाय पूरा भएपछि पनि सम्पत्ति शुद्धीकरण मुद्दामा फेरि पक्राउ परेका उनीलाई अदालतले १५ लाख रुपैयाँ धरौटी तोकेको थियो। धरौटी बुझाएर उनी जेलमुक्त भएका हुन्।



कारागार प्रशासनले समेत उनी रिहा भइसकेको पुष्टि गरेको छ।

सीआईबीको अनुसन्धान अनुसार अन्सारीले नक्कली नोट कारोबारबाट आर्जित रकम विभिन्न व्यवसायमा लगानी गरेको देखिएको छ । उनका बैंक खाता, श्रीमतीका खाता तथा जग्गा सम्पत्तिमाथि पनि अनुसन्धान भएको छ।

प्रहरीका अनुसार उनी हाल नेपालमा नरहेको र पाकिस्तान वा बंगलादेशतर्फ गएको हुनसक्ने आशंका गरिएको छ।

# हरियानामा बन्धक १६ नेपालीको उद्धार, स्वदेश फर्काइँदै

**मधेशदृष्टि**
**जनकपुरधाम।**
भारतको हरियाणामा रोजगारी दिने नाममा बन्धक बनाइएका १६ नेपालीको उद्धार गरेर स्वदेश फिर्ता ल्याउने प्रकृया शुरु गरिएको छ । महोत्तरीको बर्दिबास नगरपालिका–१४ स्थित मुसहर बस्तीका १६ नेपाली श्रमिकहरुलाई भारतीय प्रहरी, नयाँ दिल्लीस्थित नेपाली दूतावास, इलाका प्रहरी कार्यालय बर्दिबास तथा आफन्त इण्डियाको समन्वयमा उद्धार गरिएको हो । उद्धार गरिएका नेपालीहरुलाई छिट्टै नै स्वदेश फर्काइने तयारी गरिएको हो।



राम्रो रोजगारी र आकर्षक आम्दानीको प्रलोभनमा भारतको हरियाणास्थित झज्जरको एक कुखुरा फर्ममा काम गर्दै आएका थिए । तर त्यहाँ पुगेपछि उनीहरूलाई कुटपिट, धम्की, गालीगलौज तथा श्रम शोषणको सामना गर्नुपरेको परेको थियो। पीडितहरूले परिवारजनलाई पठाएका भिडियो र तस्वीरमार्फत आफ्नो अवस्था सार्वजनिक गरेपछि घटनाबारे जानकारी बाहिर आएको थियो।

त्यसपछि परिवारका सदस्यहरूले इलाका प्रहरी कार्यालय बर्दिबासमार्फत नयाँ दिल्लीस्थित नेपाली दूतावासमा उद्धारका लागि अनुरोध गरेका थिए।

# दिनभरि चर्को गर्मी राति दिनहुँ वर्षा






**महोत्तरी।**
दिनभरि जेठ तेस्रो साताको झैँ उखरमाउलो गर्मी भए पनि पछिल्ला चार दिनयता महोत्तरीसहितका आसपासका जिल्लामा प्रत्येक रात पानी पर्दै आएको छ। गत शुक्रबार जेठ चौथो साता सुरु भएसँगै प्रत्येक रात पानी पर्ने गरेको छ। योक्रम सोमबार पनि जारी रह्यो। यसपालि जेठ तेस्रो साता सुरु भएसँगै धेरै गर्मी बढेपछि जनजीवन निकै कष्टकर बन्दै आयो। तर चौथो साता सुरु भएसँगै प्रत्येक रात केहीबेर सघन वर्षा भएपछि दिनभरिको चर्को गर्मीले सर्वसाधारण बताउँछन्।

'गर्मी त खपीनसक्नु बढेको छ, तर गत शुक्रबारयता प्रत्येक रात वर्षा हुँदै आएको छ, यसले निकै राहत मिलेको छ', गौशाला–१ रामनगरका ६५ वर्षीय गणेश महतो भन्छन्, 'निरन्तरको वर्षाले बालीनालीलाई निकै राहत मिलेको छ।' शुक्रबारयता रातिको वर्षाले खेतबारीमा प्रशस्त चिस्यान भएपछि यहाँका किसान धमाधम धानको ब्याड राख्न थालेका छन्। 'वर्षा दिनहुँ भए पनि हिले ब्याड भने राख्न पाइएको छैन, तर माटोमा प्रशस्त चिस्यान भएको हुँदा धुले ब्याड राख्यौँ', बर्दिबास–६ कृष्णपुरका ६० वर्षीय किसान रघु काफ्ले भन्छन्, 'दिनभरि अचाक्ली गर्मी भए पनि प्रत्येक रातको वर्षाले खेतीपातीलाई सजिलो बनाएको हुँदा राहत मिलेको छ। किसानले यही वर्षाबीच धानसँगै कोदोको ब्याड पनि धमाधम राख्दैछन्।'

यसैगरी उखु, मकै र तरकारीबालीलाई पछिल्लो वर्षा अमृत भएको किसान बताउँछन्। पानी नपरी हिउँद बित्दा पानीका स्रोतका मुहान चाँडै सुक्दा बालीनाली लगाउन नपाइने चिन्तामा थिए। त्यसमा पनि जारी जेठको तेस्रो साता सुरु भएसँगै दिनभरि ३८÷३९ डिग्री सेल्सियसको सेरोफेरोमा तापक्रम रहने गरेको छ। जेठ तेस्रो साताको अन्त्यतिर त गर्मीले गर्दा जिल्लाका स्थानीयतहले धमाधम विद्यालय बन्दको घोषणा गर्ने लहर नै चल्यो। तर चौथो साता लागेपछि प्रत्येक रात पर्ने पानीले मौसममा केही सुधार ल्याएसँगै बन्द गरिएका विद्यालय सोमबारदेखि सञ्चालन हुन थालेका बर्दिवास नगर कार्यपालिकाको कार्यालयका शिक्षा तथा खेलकुद शाखाका अधिकृत रमण निरौलाले जानकारी दिए।

पछिल्लो पटक दिनहुँजसो राति केहीबेर पानी पर्दै आएपछि यहाँका सर्वसाधारणमा पानीका स्रोतका मुहान अब चाँडै रसाउने आश पलाएको छ। 'दिनहुँजसो पानी पर्दैछ, अब इनार, चापाकल र नदी, खोल्साखोल्सी र नदीका मुहानमा पानी रसाउने आस बढेको छ', भङ्गाहा–४ रामनगरका किसान कुशेश्वर यादव भन्छन्, 'मुहान चाँडै रसाइदिए खानेपानीको समस्या नपर्ने र खेतीपातीलाई आवश्यक सिँचाइ गर्न पाइने विश्वास बढेको छ।' रासस

## बजेटको आकार ठूलो,
# कार्यान्वयन चुनौतीपूर्णः पूर्वअर्थमन्त्री

**काठमाडौं।**
पूर्वअर्थमन्त्री एवं नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटको आकार ठूलो र यसको कार्यान्वयन चुनौतीपूर्ण रहेको बताएका छन्। नेपाल उद्योग व्यापार महासंघले आयोजना गरेको 'बजेट समीक्षा कार्यक्रम' मा बोल्दै डा. महतले बजेटका सबल र दुर्बल पक्षबारे आफ्नो धारणा राखेका हुन्।

पूर्वअर्थमन्त्री महतले देशलाई आत्मनिर्भर बनाउन आन्तरिक रूपमै उत्पादन हुने वस्तुहरूको आयातमा भन्सार दर बढाउनुपर्ने सुझाव दिए। "हामी आत्मनिर्भर हुने हो भने यहीँ उत्पादन हुने सामानहरूमा भन्सार दर बढाउनुपर्छ, उनले भने, यो नबढाएसम्म कृषि उत्पादन बढ्न सक्दैन। तर, यस विषयमा वर्तमान बजेटले केही पनि बोल्न सकेन।

सरकारले बजेटमार्फत अनावश्यक सरकारी संरचनाहरू हटाउने विषय सकारात्मक रहेको उनले उल्लेख गरे।

आफ्नो कार्यकालको स्मरण गर्दै उनले भने, मैले पनि आफ्नो समयमा धेरै संरचना हटाउन खोजेको थिएँ, तर राजनीतिक तानातानका कारण सकिनँ। अहिले सरकारले चालेको यो कदम ठीक छ। बन्द अवस्थामा रहेका सरकारी उद्योगहरू पुनः सञ्चालन गर्ने मोडालिटीबारे बोल्दै उनले सरकारी स्वामित्व रक्षा गर्दै निजी क्षेत्रलाई जिम्मेवारी दिनुपर्नेमा जोड दिए।

बन्द उद्योगको जमिन र सरकारी लगानी सरकारकै स्वामित्वमा रहनुपर्छ। निजी व्यवसायीले निश्चित शर्तमा उद्योग चलाउन चाहन्छन् भने सरकारले चलाउन दिनुपर्छ, महतले थपे, राज्य आफैँले हेटौंडा कपडा उद्योग वा रबर उद्योग चलाउँछु भन्नु पैसा डुबाउनु हो। सरकारले उद्योग चलाएर चल्दैन, निजी क्षेत्रले नै सञ्चालन गर्ने हो भन्ने कुरा बिर्सनु हुँदैन।

उनले नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) लाई पनि तत्काल रणनीतिक साझेदारीमा लगेर कार्यान्वयन अघि बढाउन सुझाव दिए। सुशासनको परिभाषा दिँदै डा. महतले 'म सबै जान्दछु' भन्नु गुड गभर्नेन्स नभएको टिप्पणी गरे। कानुनको अक्षरशः पालना गराउनु नै सुशासन हो, उनले प्रष्ट पारे। बजेटले राखेको ७ प्रतिशतको उत्पादन वृद्धि र पूँजीगत खर्च शतप्रतिशत गर्ने लक्ष्य पूरा भए आफूहरू खुसी हुने भन्दै उनले तर हालको खाकामा कार्यान्वयनको अस्पष्टता देखिएको औंल्याए।

सरकारलाई सचेत गराउँदै उनले अन्त्यमा भने, उत्पादनको क्षेत्रमा निजी क्षेत्रमाथि विश्वास गर्ने तर कुनै एउटा सीमित व्यावसायिक घरानाले मनोपोली नगरोस् भन्नेतर्फ सरकार चनाखो हुनुपर्छ। रासस

# बिपी राजमार्गको रोशी क्षेत्रमा सवारी आवागमन बन्द

**काभ्रेपलाञ्चोक।**
सम्भावित जोखिमलाई मध्यनजर गर्दै बिपी राजमार्गमा मंगलबार मध्याह्न १२:३० बजेदेखि सवारी आवागमन बन्द गरिएको छ।

रोशी खोलामा पानीको बहाब उच्च भएसँगै यात्रु तथा सवारीसाधनको सुरक्षालाई ध्यान दिँदै रोशी खण्डमा सञ्चालन हुने सबै प्रकारका सवारीसाधन आवागमनमा रोक लगाइएको जिल्ला प्रहरी कार्यालय धुलिखेलका प्रहरी नायब उपरीक्षक रवीन विष्टले जानकारी दिए।

उनले बिपी राजमार्ग हुँदै जाने सवारीलाई जिल्लास्थित धुलिखेलमा र सिन्धुलीको सुरक्षा समितिसँग सहकार्य गरी खुर्कोट र नेपालथोकमा रोकिएको छ। बेमौसमी वर्षाले दिनानुदिन बिपी राजमार्ग अवरुद्ध हुन थालेपछि रातको समयमा गराउँदै आएको अनिश्चितकालीन बन्द पुनः लम्बिएको छ। सडकको अवस्थाबारे जानकारी लिएर मात्रै यात्रा गर्न प्रहरीले सबैलाई अपिल गरेको छ।

# खेत जोत्ने क्रममा रोटाभेटरमा बेरिएर ५ वर्षीय बालकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको वीरगञ्ज महानगरपालिका–३० प्रसोतिपुरमा ट्र्याक्टरले खेत जोत्ने क्रममा भएको दुर्घटनामा एक ५ वर्षीय बालकको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार सोमबार साँझ करिब ७ बजे मधेश प्रदेश ०३–००१ त ८१७६ नम्बरको ट्र्याक्टरले खेत जोतिरहेको समयमा स्थानीय नुरैन मियाँका छोरा सोनु अन्सारी रोटाभेटरमा बेरिएका थिए।

दुर्घटनामा गम्भीर घाइते भएका बालकलाई तत्काल उपचारका लागि अस्पताल लगिएको थियो। तर चिकित्सकीय परीक्षणका क्रममा साँझ करिब ७:३० बजे उनको मृत्यु भएको पुष्टि भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार आफ्नै खेतमा ट्र्याक्टरद्वारा जोताइ भइरहेको बेला बालक दुर्घटनामा परेका थिए।

घटनाले स्थानीयवासीलाई स्तब्ध बनाएको छ भने गाउँमा शोकको वातावरण छाएको छ। घटनाको कारण र परिस्थितिबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# योग्य, सक्षम इमान्दारी नेतृत्व आवश्यकः बुर्लाकोटी

**मकवानपुर।**
राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का महामन्त्री कविन्द्र बुर्लाकोटीले पार्टीमा योग्य, इमान्दार र सक्षम युवा नेतृत्वलाई पाँच वर्ष निर्भिक भएर काम गर्ने अवसर प्रदान गर्नुपर्ने बताएका छन्।

महामन्त्री बुर्लाकोटीले रास्वपा बागमती प्रदेशको प्रथम अधिवेशनको हेटौँडामा उद्घाटन गर्दै राजनीतिक नेतृत्वमा सक्षम व्यक्ति हुनुहुन्छ भन्ने पार्टीमा कुनै समस्या उत्पन्न नहुने स्पष्ट पारे।

उनले मुलुकमा बढ्दो कुशासन, भ्रष्ट्राचारजन्य अपराधलाई कानुनी एवं राजनीति भूमिकाको नेतृत्वबाट नियन्त्रित गर्न सबै नेतृत्व तहमा पार्टीमा आज इमान्दारीको खाँचो परेको छ भने।

महामन्त्री बुर्लाकोटीले विसं २०८४ हुने प्रदेशस्तर र स्थानीय निकाय निर्वाचनमा पार्टीको युवापुस्ताले निर्वाचनमा सहभागी हुन, जनप्रतिनिधिमा निर्वाचित हुनको लागि जनताको बीचमा पुग्ने भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए। उनले पार्टीमा स्थापना कालदेखि सक्रिय रहँदै आएको भए पनि नेता र कार्यकर्ताको बीच नेतृत्व तहको क्षमतामा सक्षम र इमान्दारी नरहे रास्वपाले जिम्मेवारी नदिनेतर्फ जानकारी दिए।

प्रतिनिधिसभाका सदस्यहरू खगेन्द्र सुनार, समीक्षा बाँस्कोटा र गणेश पराजुलीले मुलुकमा सुशासनको दीर्घकालीन लक्ष्य प्राप्ति गर्ने र जनतालाई विकास र आर्थिक समृद्धितर्फ आत्मनिर्भर बनाउन पार्टीले नवयुवाको योग्यता क्षमतालाई निर्वाचनको माध्यमबाट अगाडि बढाउनुपर्नेमा जोड दिए। दुई दिनसम्म चल्ने प्रदेश अधिवेशनमा बागमती प्रदेशका १३ जिल्लामध्ये सिन्धुपाल्चोक जिल्लाको बाहेक १२ जिल्लाका करिब एक हजार प्रतिनिधि र पर्यवेक्षकहरुको सहभागिता रहेको रास्वपा मकवानपुरका अध्यक्ष सञ्जीव पाठकले राससलाई बताए।

## गैर बैकिंग अचल सम्पत्ति शिलबन्धि लिलाम बिक्री सम्बन्धी
## सात दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ।

**पसिल**

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |
| बनकटवा ०५,पर्सा | २२७ | ०-८-१०-० |
| बनकटवा ०५,पर्सा | २२१ | ०-६-१०-० |
| बनकटवा ०५ ,पर्सा | ६९ | ०-४-६-८ |
| बनकटवा ०५ ,पर्सा | १११ | ०-०-९-१२.५ |
| बनकटवा ०५ ,पर्सा | १०८ | ०-१-१७-८ |
| वीरगंज १५ ,पर्सा | २२०<br>२०० | ०००८०.८०<br>०००८८.५० |
| मुडली नौ.त.ज. ०७, पर्सा | ६७१ | ००९०१.८४ |
| मुडली नौ.त.ज. ०७, पर्सा | ६३९ | ००८३७.०० |
| हरिहरपुर ०१ ,पर्सा | ३७७ | २५७०.०० |
| पोखरिया वडा नं ०९,पर्सा | ९३ | १२७० व.मि. |
| बसन्तपुर वडा नं ०६,पर्सा | २३५ | ०-०-७-४ |
| बसन्तपुर वडा नं. ०६,पर्सा | ४८९ | ०-२-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | २११ | ०-४-०-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | ६२६ | ०-२-२-८ |
| सखुवाप्रसौनी ०१,पर्सा | ३२ | २१२०.०० |
| धोरे ०२,पर्सा | ८१<br>११६<br>११८<br>१५० | ०-१-२-८<br>०-०-१०-०<br>०-०-५-०<br>०-०-७-८ |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५(पैतिस) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७ कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ असार ०२ गते मंगलवार दिउँसो ४:०० बजे सम्म**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ असार ०३ गते बुधबार दिउँसो ४:०० बजे देखि (८ औ दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन)**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज।
टेडारोड, चोर्नी, (जीतपुर),बर्दिबास(महोत्तरी) ,बरहथवा (सर्लाही)।

# बहुअरीमा विज्ञान तथा प्रविधि तालिम सुरु, विद्यार्थीमा नवप्रवर्तनशील सोच विकास गर्ने लक्ष्य



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–२४ को आर्थिक सहयोग तथा एडरोबोटिक्सको प्राविधिक साझेदारीमा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई लक्षित गर्दै एकमहिने विज्ञान तथा प्रविधि तालिम सुरु गरिएको छ । तालिम श्री शारदा माध्यमिक विद्यालय, बहुअरीमा सञ्चालन भइरहेको छ । विद्यार्थीहरूमा विज्ञान, प्रविधि र नवप्रवर्तनप्रति रुचि अभिवृद्धि गर्दै सिर्जनशील तथा अनुसन्धानमुखी सोचको विकास गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।
यसबाट विद्यार्थीहरूको व्यावहारिक ज्ञान, सीप र आधुनिक प्रविधिसँगको पहुँच विस्तार हुने अपेक्षा गरिएको छ। विद्यालयका प्रधानाध्यापक अनिल कुमार वर्णवालको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा वडा अध्यक्ष विजय पटेल प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । कार्यक्रममा वडा सदस्य सीता देवी र सदाम हुसेन, वडा सचिव सतिश श्रीवास्तव, सहायक सचिव सुरज यादवलगायतको उपस्थिति रहेको थियो।
तालिममा सिद्धार्थ पटेल, लालबाबु गिरी र दिनेश महतोले प्रशिक्षक तथा सहजकर्ताको भूमिका निर्वाह गरिरहेका छन् । कार्यक्रममा वक्ताहरूले विज्ञान तथा प्रविधिको तीव्र विकास भइरहेको वर्तमान परिवेशमा विद्यार्थीहरूलाई नवप्रवर्तन, अनुसन्धान र आधुनिक सीपसँग जोड्न यस्ता कार्यक्रम प्रभावकारी हुने धारणा व्यक्त गरे। सामुदायिक विद्यालयका विद्यार्थीलाई समयानुकूल तथा गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्यसहित सञ्चालन गरिएको तालिमले भविष्यमा दक्ष, सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादनमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ। स्थानीय सरकार र निजी क्षेत्रबीचको सहकार्यमा अघि बढाइएको यस पहललाई शैक्षिक गुणस्तर सुधार तथा विद्यार्थीहरूको क्षमता विकासतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ । कार्यक्रमको सञ्चालन शिक्षक यज्ञराज सापकोटाले गरेका थिए।

# जनशक्ति अभावदेखि सडक विस्तारको खतरासम्मः बहुआयामिक संकटमा नारायणी अस्पताल

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेशकै प्रमुख सरकारी स्वास्थ्य संस्था नारायणी अस्पताल लामो समयदेखि जनशक्ति अभाव, अपर्याप्त पूर्वाधार र बढ्दो बिरामी चापको समस्यासँग जुधिरहेको छ । पछिल्लो समय सडक विस्तार योजनाका कारण अस्पतालको आकस्मिक सेवा (इमर्जेन्सी) र सघन उपचार कक्ष (आईसीयू) रहेको भवन नै जोखिममा परेपछि अस्पताल थप संकटमा परेको छ। कागजमा पर्याप्त दरबन्दी भएपनि अस्पतालमा आवश्यक चिकित्सक र स्वास्थ्यकर्मीको अभाव कायमै छ।
अस्पतालमा ११औँ तहका प्रथम श्रेणीका १५ विशेषज्ञ चिकित्सकको दरबन्दी स्वीकृत रहेकामा ओपिडी सेवामा हाल चारजना मात्रै कार्यरत छन्। बाँकी ११ पद लामो समयदेखि रिक्त रहेको अस्पताल स्रोतले जनाएको छ । त्यस्तै, नवौँ र दशौँ तहका २६ चिकित्सकको स्वीकृत दरबन्दीमध्ये २१ जना मात्र कार्यरत छन्। ४० स्टाफ नर्सको दरबन्दीमध्ये आठ पद खाली हुँदा उपलब्ध जनशक्तिमाथि अतिरिक्त कार्यभार परेको छ । प्रशासनिक संरचनामा समेत तृतीय श्रेणीको प्रमुख पद रिक्त छ। आवश्यक जनशक्ति उपलब्ध गराइदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग पटक–पटक अनुरोध गरिएपनि समस्या समाधान हुन नसकेको अस्पताल प्रशासनको भनाइ छ।
बिरामीको अत्यधिक चाप, डायलाइसिस



मेसिन प्रयोगविहीन
नारायणी अस्पतालमा दैनिक बढ्दो बिरामी चापले उपलब्ध पूर्वाधारमाथि थप दबाब सिर्जना गरेको छ। चालु आर्थिक वर्षको वैशाखसम्म १ लाख ७८ हजार ७ सय ६१ जनाले बहिरङ्ग सेवा तथा ५२ हजार ७ सय ७१ जनाले अन्तरङ्ग सेवा लिएको तथ्याङ्क छ। वैशाख महिनामा मात्रै ६९९ वटा जटिल शल्यक्रिया सम्पन्न गरिएको थियो।
अस्पतालका प्रशासन प्रमुख सुशील यादवका अनुसार सीमित शय्या र संरचनाका कारण बिरामीहरूलाई बरन्डा र भुइँमै राखेर उपचार गर्नुपर्ने अवस्था छ। मिर्गौला रोगीका लागि अत्यावश्यक २१ डायलाइसिस मेसिनमध्ये छ वटा मेसिन भवन र आवश्यक कोठाको अभावमा प्रयोगमा ल्याउन नसकी स्टोरमै थन्क्याएर राखिएको छ।
सडक विस्तारले इमर्जेन्सी र आईसीयू भवन संकटमा
अस्पतालले भोगिरहेको अर्को गम्भीर चुनौती वीरगंजको मुख्य सडक विस्तार योजना हो। सडक डिभिजन कार्यालय हेटौँडा र वीरगंज महानगरपालिकाले सडकको केन्द्रबिन्दुबाट दायाँ–बायाँ २५–२५ मिटर मापदण्ड कायम गर्ने क्रममा अस्पताल परिसरको नापजाँच गरी केही संरचनामा रातो चिन्ह लगाइसकेको छ । उक्त मापदण्डभित्र अस्पतालको आकस्मिक सेवा र आईसीयू सञ्चालन भइरहेको महत्वपूर्ण भवन परेको छ । सडक विस्तार कार्य अघि बढेमा ती भवन प्रभावित हुने अवस्था देखिएको अस्पताल प्रशासनले जनाएको छ।
अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले अस्पताल अहिले बहुआयामिक दबाबमा रहेको बताउँदै आकस्मिक सेवा र सघन उपचार सञ्चालन भइरहेका संरचनामाथि जोखिम बढेको उल्लेख गरे । उनका अनुसार तत्काल सेवा स्थानान्तरण गर्न सकिने वैकल्पिक संरचना अस्पतालसँग उपलब्ध छैन । अस्पताल प्रशासनले बढ्दो स्वास्थ्य सेवा मागलाई सम्बोधन गर्न कम्तीमा २० बिघा क्षेत्रफलमा आधुनिक अस्पताल भवन निर्माण, थप शय्या विस्तार तथा आवश्यक जनशक्ति व्यवस्थापन अपरिहार्य भइसकेको जनाएको छ। समयमै आवश्यक पहल हुन नसके वीरगञ्जसहित आसपासका लाखौँ नागरिकको स्वास्थ्य सेवामा गम्भीर असर पर्न सक्ने चिन्ता सरोकारवालाहरूले व्यक्त गरेका छन्।

# विद्यार्थी नेतृत्व चयनका लागि निर्वाचन, लोकतान्त्रिक अभ्यासमा जोड



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१२ मुर्लीस्थित सगरमाथा एकेडेमी बोर्डिङ स्कुलले विद्यार्थीहरूमा नेतृत्व क्षमता अभिवृद्धि तथा लोकतान्त्रिक संस्कारको विकास गर्ने उद्देश्यले हेड ब्वाय, हेड गर्ल, हाउस क्याप्टेन र खेलकुद संयोजक चयनका लागि निर्वाचन कार्यक्रम सञ्चालन गरेको छ । विद्यालयस्तरमै लोकतान्त्रिक प्रक्रियाको अनुभव गराउने लक्ष्यसहित आयोजित निर्वाचनमा विभिन्न हाउसका विद्यार्थीहरूबीच नेतृत्वका लागि प्रतिस्पर्धा भएको विद्यालय प्रशासनले जनाएको छ।
हरियो, पहेँलो, निलो र रातो हाउसका प्रतिनिधिहरूले विभिन्न पदका लागि उम्मेदवारी दिएका छन् । विद्यालयका प्रिन्सिपल जियालाल गुप्ताका अनुसार विद्यार्थीहरूमा जिम्मेवारीबोध, नेतृत्व विकास र लोकतान्त्रिक मूल्य–मान्यताप्रति सम्मानको भावना जागृत गराउन निर्वाचन प्रणाली अपनाइएको हो । उनले विद्यालयमै निर्वाचनको अभ्यास गराउँदा मतदान प्रक्रिया, मत सदर तथा बदर हुने अवस्था र लोकतान्त्रिक व्यवस्थाको महत्वबारे विद्यार्थीहरूले व्यवहारिक ज्ञान हासिल गर्ने अवसर प्राप्त गर्ने बताए।
उनले भविष्यमा १८ वर्ष उमेर पुगेपछि हुने वास्तविक निर्वाचनमा विद्यार्थीहरू सचेत, जिम्मेवार र विवेकशील मतदाताका रूपमा सहभागी हुन सकून् भन्ने उद्देश्यले यस्ता कार्यक्रम प्रभावकारी साबित हुने विश्वास व्यक्त गरे। निर्वाचनबाट चयन हुने हेड ब्वाय, हेड गर्ल, हाउस क्याप्टेन तथा अन्य विद्यार्थी प्रतिनिधिहरूले विद्यालयमा अनुशासन कायम राख्ने, विद्यार्थीका समस्या समाधानमा सहकार्य गर्ने तथा नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी पाउनेछन् । उम्मेदवार विद्यार्थीहरूले आफूहरू निर्वाचित भए विद्यालय र विद्यार्थी समुदायको हितमा समर्पित भएर काम गर्ने तथा आफ्नो नेतृत्व क्षमता व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# मसिहानीमा छठघाट निर्माण सुरु, असार १५ भित्र सम्पन्न गर्ने लक्ष्य

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिका–५ मसिहानीमा छठघाट निर्माण कार्यको मंगलबार औपचारिक रूपमा शिलान्यास गरिएको छ। गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले निर्माण कार्यको शुभारम्भ गर्दै धार्मिक तथा सांस्कृतिक पूर्वाधार विकासप्रति स्थानीय सरकारको प्रतिबद्धता दोहो¥याएका छन्।
शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले छठ पर्व नेपाली समाजको आस्था, संस्कृति र मौलिक पहिचानसँग गाँसिएको महत्वपूर्ण पर्व भएको उल्लेख गरे। श्रद्धालु भक्तजनलाई सहज र व्यवस्थित वातावरण



उपलब्ध गराउने उद्देश्यले छठघाट निर्माणलाई प्राथमिकतामा राखिएको उनले बताए।
उनले विकास निर्माणका योजनासँगै स्थानीय संस्कृति, परम्परा र जनभावनाको सम्मान गर्दै गाउँपालिकाको समग्र समृद्धिका लागि निरन्तर काम भइरहेको स्पष्ट पारे । साथै, आयोजना कार्यान्वयनमा सहयोग पु¥याउने जनप्रतिनिधि, कर्मचारी, स्थानीयवासी तथा सरोकारवाला सबैप्रति आभार व्यक्त गरे। मधेश प्रदेश सरकारको आर्थिक सहयोगमा निर्माण हुन लागेको उक्त छठघाट आगामी असार १५ गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको जगरनाथपुर गाउँपालिकाले जनाएको छ । स्थानीयवासीले छठघाट निर्माणपछि छठ पर्वलगायत विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न थप सहजता हुने विश्वास व्यक्त गरेका छन् । उनीहरूका अनुसार यसले धार्मिक पर्यटन तथा स्थानीय समुदायको सामाजिक गतिविधिलाई समेत टेवा पु¥याउने अपेक्षा गरिएको छ।

# रास्वपा पर्सा–४ को संयोजकमा पुनः मिश्रा, उनको प्यानलको सबै पदमा विजय

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्सा क्षेत्र नं. ४ को संयोजकमा जितेन्द्र मिश्रा निर्वाचित भएका छन्। क्षेत्रीय नेतृत्व चयनका लागि सम्पन्न निर्वाचनमा उनले ५२ मत प्राप्त गर्दै विजयी बनेका हुन्। जिल्ला सभापति हरि पन्त निकट मानिएका मिश्राले आफ्ना प्रतिद्वन्द्वी जगदीश प्रसादलाई पराजित गरेका हुन् । सांसद टेकबहादुर शाक्य पक्षका उम्मेदवार जगदीशले १८ मत प्राप्त गरेका थिए। मिश्रा यसअघि पनि क्षेत्रीय सभापतिको जिम्मेवारीमा रहेका थिए। निर्वाचन परिणामअनुसार मिश्राको नेतृत्वमा रहेको प्यानलले सबै प्रमुख पदमा सफलता हासिल गरेको छ । उपसंयोजक (क) पदमा प्रधुमनकुमार गौतम ४९ मतसहित निर्वाचित भए भने उपसंयोजक (ख) मा प्रवेज अहमद ३८ मत प्राप्त गर्दै विजयी बने। उपसंयोजक पदका अन्य प्रतिस्पर्धी



कृष्णमोहन प्रसाद यादवले १९ मत तथा रामनाथ प्रसाद चौरसियाले १५ मत प्राप्त गरेका थिए।त्यसैगरी सदस्य पदमा विकीकुमार यादव निर्वाचित भएका छन्। निर्वाचनको नतिजासँगै पर्सा क्षेत्र नं. ४ मा मिश्रा पक्षको संगठनात्मक पकड अझ सुदृढ बनेको राजनीतिक वृत्तमा चर्चा भइरहेको छ। यस परिणामले सांसद टेकबहादुर शाक्य निकट समूहको प्रभाव तुलनात्मक रूपमा कमजोर देखिएको विश्लेषणसमेत गरिएको छ।

# बर्डफ्लु सङ्क्रमण फैलिन नदिन आकस्मिक नियन्त्रण अभियान तीव्र

**मधेशदृष्टि**
**वीरगंज।**
बर्डफ्लु सङ्क्रमण फैलिन नदिन सरकारले प्रभावित जिल्लामा आकस्मिक नियन्त्रण अभियान तीव्र पारेको छ। केही साताअघि झापा, मोरङ र सुनसरीबाट सुरु भएको सङ्क्रमण महोत्तरी हुँदै बारा, चितवन र त्यसपछि काठमाडौँ उपत्यका तथा नवलपरासीसम्म फैलिएको हो।
बारा जिल्ला पनि सङ्क्रमणको उच्च जोखिममा परेपछि यहाँ विशेष सतर्कता अपनाइएको छ । पशुसेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार हालसम्म १० जिल्लाका ७२ वटा फार्मका करिब पाँच लाख १५ हजार पन्छी नष्ट गरिएको छ भने सात लाख अण्डा र एक सय ८३ टन दाना पनि नष्ट गरिएको छ।
सङ्क्रमण पुष्टि भएसँगै 'द्रुत कार्य टोली' परिचालन गरेर सङ्क्रमित फार्ममा रहेका पन्छी तथा पन्छीजन्य उत्पादन नष्ट गर्ने, फार्म सिल गर्ने र ओसारपसारमा कडाइ गर्ने काम भइरहेको छ।

# आगलागीबाट १२ घर जलेर नष्ट

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका–५ मा आज भएको आगलागीबाट १२ वटा घर नष्ट भएका छन्। स्थानीय बुचु खड्गको घरमा अचानक आगो लागेपछि निजसहित पाँच परिवारका ती घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ।
सो आगलागीमा सगन खड्ग, दुखाई खड्ग, लखन खड्ग र नारायण खड्गको घर जलेको स्थानीयवासी मनोज मेहताले जानकारी दिए । आगलागीको कारण खुलेको छैन भने यसबाट करिब रु २५ लाखको क्षति भएको उहाँले बताउनुभयो । स्थानीयवासी तथा प्रहरीले आगो नियन्त्रणमा लिएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# खेलकुद र संगीत क्षेत्रमा योगदान पुऱ्याउने अशोक प्रधान सम्मानित

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजका चर्चित फुटबल खेलाडी तथा लोकप्रिय गायक अशोक प्रधानलाई 'रिलिफ सोसाइटी अफ कमर्स पुरस्कार–२०८३' प्रदान गरिएको छ । खेलकुद र संगीत क्षेत्रमार्फत वीरगञ्ज तथा नेपालको पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म स्थापित गर्न पु¥याएको योगदानको सम्मानस्वरूप उनलाई उक्त पुरस्कार प्रदान गरिएको हो।
रिलिफ सोसाइटी अफ कमर्सको ३५औँ स्थापना दिवस तथा बुद्ध जयन्तीको अवसरमा प्रदान गरिने यो सम्मान विभिन्न कारणले निर्धारित समयमा वितरण हुन नसकेपछि आइतबार आयोजित विशेष समारोहमा प्रधानलाई सम्मान गरिएको थियो । वीरगंजस्थित रिलिफ सोसाइटी अफ कमर्सको कार्यालयमा सम्पन्न कार्यक्रममा संस्थाका अध्यक्ष योगेन्द्र प्रसाद यादव, निवर्तमान अध्यक्ष अशोक लाठ, गणेश लाठ, नारायण रुङ्टा तथा निरज अग्रवाललगायतको उपस्थितिमा सम्मान हस्तान्तरण गरिएको थियो।



कार्यक्रममा बोल्दै समाजसेवी अशोक लाठले खेलकुद र संगीत दुवै क्षेत्रमा सक्रिय रहँदै समाजमा सकारात्मक सन्देश प्रवाह गर्न तथा वीरगंजको पहिचानलाई फराकिलो बनाउन अशोक प्रधानले उल्लेखनीय योगदान दिएको बताए। सोही योगदानको मूल्यांकन गर्दै उनलाई यस वर्षको सम्मान प्रदान गरिएको उनले स्पष्ट पारे । सम्मान ग्रहणपछि प्रतिक्रिया दिँदै अशोक प्रधानले रिलिफ सोसाइटी अफ कमर्सले समाजका विपन्न, असहाय तथा पछाडि परेका वर्गका लागि निरन्तर सामाजिक कार्य गर्दै आएको उल्लेख गरे । साथै विभिन्न क्षेत्रमा योगदान पु¥याएका व्यक्तित्वलाई सम्मान गरी थप प्रेरणा दिने संस्थाको प्रयास प्रशंसनीय रहेको बताए।
'विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तिहरूलाई सम्मान गरेर प्रोत्साहन गर्ने कार्यले सकारात्मक ऊर्जा प्रदान गर्छ,' उनले भने, 'यो सम्मानले मलाई अझ बढी जिम्मेवार र उत्प्रेरित बनाएको छ ।' प्रधानले आफूलाई सम्मानका लागि छनोट गरेकोमा संस्थाप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि खेलकुद र संगीतमार्फत समाज तथा राष्ट्रका लागि योगदानलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।
रिलिफ सोसाइटी अफ कमर्सले हरेक वर्ष सामाजिक सेवा, शिक्षा, स्वास्थ्य, खेलकुद, कला, साहित्यलगायत विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पु¥याउने व्यक्तित्वहरूलाई सम्मान गर्दै आएको छ।

सम्पादकीय

# पर्सा जिल्ला अदालतको निर्णय: न्यायको मार्गमा एक महत्वपूर्ण मोड

पर्सा जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित प्रतिवादीहरूमाथि लगाइएको संगठित अपराधसम्बन्धी अभियोग हटाउने आदेश गरेको छ । सहकारी ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा दायर अभियोगमध्ये संगठित अपराधको अभियोग हटाई सहकारी ठगीसम्बन्धी अभियोग मात्र कायम राख्ने गरी अदालतले निर्णय गरेको हो। यो निर्णयले लामिछानेमाथि लागेका आरोपहरूको प्रकृतिमा महत्वपूर्ण परिवर्तन ल्याएको छ र यसले आगामी कानूनी प्रक्रियालाई नयाँ दिशा दिएको छ।

लामिछानेमाथि लामो समयदेखि सहकारी ठगी र संगठित अपराधको आरोप लाग्दै आएको थियो। यी आरोपहरूले उनको राजनीतिक करियर र सार्वजनिक छविमा ठूलो प्रभाव पारेका थिए। विशेषगरी, संगठित अपराधको अभियोगले मुद्दालाई थप गम्भीर बनाएको थियो, किनकि यसले सामान्य ठगीभन्दा ठूलो र योजनाबद्ध आपराधिक कार्यको संकेत गर्दथ्यो। यस प्रकरणले नेपालको सहकारी क्षेत्रमा देखिएका विकृति र अनियमिततालाई पनि उजागर गरेको थियो, जसले गर्दा यस मुद्दामा आम जनताको चासो बढेको थियो।

अदालतको यो आदेशले रवि लामिछानेलाई संगठित अपराधको गम्भीर आरोपबाट मुक्ति दिएको छ। यद्यपि, सहकारी ठगीसम्बन्धी अभियोग भने यथावत राखिएको छ, जसको अर्थ उनीमाथि लागेको आर्थिक अनियमितताको आरोपमाथि थप छानबिन र सुनुवाइ जारी रहनेछ। यो निर्णयले कानूनी प्रक्रियामा प्रमाण र तथ्यको महत्वलाई पुनः पुष्टि गरेको छ । संगठित अपराधको अभियोग हटाउनुले अभियोजन पक्षले पर्याप्त प्रमाण पेश गर्न नसकेको वा अदालतले त्यसलाई संगठित अपराधको श्रेणीमा नराखेको भन्ने बुझिन्छ।

यस निर्णयको राजनीतिक र सामाजिक प्रभाव पनि महत्वपूर्ण हुनेछ। रवि लामिछाने एक प्रभावशाली राजनीतिक व्यक्तित्व भएकाले, उनीमाथि लागेका आरोप र अदालतका निर्णयहरूले राष्ट्रिय राजनीतिमा तरंग ल्याउने गर्दछन्।

संगठित अपराधको अभियोग हट्दा उनको राजनीतिक भविष्यमा सकारात्मक प्रभाव पर्न सक्ने अनुमान गरिएको छ, तर सहकारी ठगीको मुद्दाको अन्तिम फैसला नआएसम्म उनी पूर्ण रूपमा आरोपमुक्त हुने छैनन्। यसले जनतामा न्याय प्रणालीप्रतिको विश्वास र पारदर्शिताको अपेक्षालाई पनि बढाएको छ।

अन्ततः, पर्सा जिल्ला अदालतको यो निर्णयले नेपालको कानूनी प्रणालीमा निष्पक्षता र प्रमाणमा आधारित न्यायको महत्वलाई दर्शाउँछ । यद्यपि, सहकारी ठगीसम्बन्धी मुद्दाको अन्तिम टुंगो लाग्न बाँकी नै छ, र यसको परिणामले लामिछानेको भविष्यका साथै नेपालको सहकारी क्षेत्रको नियमन र जवाफदेहितामा पनि दूरगामी प्रभाव पार्नेछ। यो प्रकरण न्यायको मार्गमा एक महत्वपूर्ण मोड हो, जसले सबैलाई कानूनी प्रक्रियाको सम्मान गर्न र सत्यको प्रतीक्षा गर्न आह्वान गर्दछ।

# स्वास्थ्योपचार सेवा दिँदै प्राकृतिक चिकित्सालय

–वासुदेव पौडेल/रासस

नवलपुरको देवचुली नगरपालिका–१६ रजहरस्थित सामुदायिक प्राकृतिक चिकित्सालयले औषधिविहीन चिकित्साका पद्धतिमार्फत प्रभावकारी स्वास्थ्योपचार सेवा प्रदान गर्दै आएको छ । विश्वमा महामारीका रूपमा फैलिएको कोभिड–१९ को समयमा समेत भर्ना भएका कुल ७ सय ८९ जना बिरामी सबैलाई सफलतापूर्वक उपचार गरेर थप चासो र चर्चा कमाएको चिकित्सालयमा स्वदेशबाट मात्र नभई विदेशबाट समेत उपचार गर्न आउने गरेका छन् ।

कोभिडका समयमा दुधे बालकदेखि ८९ वर्षसम्मका ज्येष्ठ नागरिकसमेतको सफल उपचार गरेको चिकित्सालय गण्डकी प्रदेशको योग र प्राकृतिक चिकित्साको गौरवको आयोजनासमेत हो । गैरनाफामूलक परोपकारी संस्थाका रूपमा अघि बढिरहेको यस चिकित्सालयले औषधिविहीन चिकित्साका विभिन्न विधि र पद्धति अपनाउँदै बहुप्रकृतिका स्वास्थ्य समस्याको उपचार गरिरहेको चिकित्सालयका महाप्रबन्धक हरि सापकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार चिकित्सालयले प्राकृतिक चिकित्सा, अकुपञ्चर, अकुप्रेसर, आहार चिकित्सा, जडीबुटी चिकित्सा, अनुसन्धानात्मक योग चिकित्सा, मनोचिकित्सा, फिजियोथेरापी एवं पुनस्र्थापनामार्फत उपचार सेवा प्रदान गरिरहेको छ । औषधिविहीन चिकित्सा पद्धतिलाई वैज्ञानिक रूपले समिश्रण र प्रयोग गरी सबै किसिमका शारीरिक, मानसिक, तीव्र एवं जीर्ण रोगमा दीर्घकालीन समाधान दिँदै आइएको उहाँले बताउनुभयो ।

संस्थाले प्रकृतितर्फ फर्कँदै जीवनशैली परिवर्तन गरी निराशालाई आशा जगाउन, रोगीलाई स्वस्थ बनाउन र स्वस्थलाई दीर्घजीवी बनाउने सोचका साथ आफ्ना गतिविधि सञ्चालन गरिहेको जनाएको छ । औषधिविहीन प्राकृतिक चिकित्सामार्फत उपचार सेवा प्रदान गरिहेको चिकित्सालयको सेवा प्रभावकारी रहेको सेवाग्राहीहरू बताउँछन् ।

विभिन्न किसिमका स्वास्थ्य समस्याको प्राकृतिक चिकित्सामार्फत सफल उपचार गरिरहेको यस संस्थाको सेवा प्रभावकारी रहेको नवलपुर फारमका निवासी बलराम आचार्य बताउनुहुन्छ । आफूले पेटको दुखाइसँगै खुट्टाको समस्याका क्रममा करिब डेढ महिना जति यहाँको सेवा लिएको उहाँले अनुभव सुनाउनुभयो । 'यहाँ हिँड्नै नसक्ने अवस्थाका व्यक्ति आएर उपचारपश्चात् हिँडेर फर्केको मैले नै प्रत्यक्ष देखेको छु,' उहाँले भन्नुभयो, 'अत्यधिक मोटोपन भएका मानिस यहाँको उपचार सेवा लिएपछि मोटाइ राम्रैसँग घटाएर गएका धेरै उदाहरण छन् ।'

स्वास्थ्यमा हुने गरेका विभिन्न समस्याबाट मुक्त हुन यहाँ आएर सेवा लिन उहाँले सबैलाई आग्रह गर्नुभयो । औषधिमा मात्र निर्भर नभई जीवनशैली सुधार, योग, ध्यान तथा प्राकृतिक विधिमार्फत रोगको रोकथाम र उपचार गरिने भएकाले यसप्रतिको आकर्षण बढ्दै गएको हो । विसं २०६७ मा स्थापना भएयता संस्थाले आहारविहार सुधार गरी जीवनशैली परिवर्तन गराउँदै जीवन जिउने कला सिकाउँदै हालसम्म हजारौँको संख्यामा जीवनदेखि निराश भएकाहरूलाई बाँच्ने आशा जगाउँदै राष्ट्रको नमूना प्राकृतिक चिकित्सालयको रूपमा आफूलाई स्थापित गर्न सफल बनेको महाप्रबन्धक सापकोटा बताउनुहुन्छ ।

चिकित्सालयमा 'आहार नै औषधि' हो भन्दै दिगो अग्र्यानिक कृषि उत्पादन गौपालन, जडीबुटीखेती, मौरीपालन आदिलाई अभियानका साथ अघि बढाइएको छ । चिकित्सालयलाई आवश्यक पर्ने दुध, दही, घ्यू, मह एवं तरकारी स्वयं संस्थाले नै उत्पादन गरिरहेको छ ।

उपचार सेवा लिन आएका बिरामीका लागि चिकित्सकको सल्लाह र निगरानीमा भौतिक आहारका लागि अस्पताल हाताभित्र प्राकृतिक, अग्र्यानिक एवं सात्विक खानाको व्यवस्था गरिएको छ । यहाँ आउने विभिन्न स्वास्थ्य समस्याका बिरामीलाई प्राकृतिक चिकित्साका क्षेत्रमा गहिरो अध्ययनसँगै लामो समय यस क्षेत्रमा अनुभवी चिकित्सक, फिजियोथेरापिष्ट, योगथेरापिष्टसमेतको टोलीले २४सै घण्टा निगरानी र निर्देशनमा उपचार गर्दै आएका छन् । परम्परागत शैलीसँगै अत्याधुनिक उपकरणसमेतबाट आधुनिक प्राकृतिक चिकित्सा सेवा प्रदान गरिरहेको संस्थाले नियमित योग ध्यानका कक्षाका साथै रोगअनुसारको योग, आरामका विधिहरू प्रणायाम, ध्यान आदि गराउँदै आएको छ ।

चिकित्सालयको प्राविधिक सहयोगमा अस्पताल हाताभित्र वा आवश्यकताअनुसार स्वदेश तथा विदेशमा समेत प्राकृतिक चिकित्सा जीवनशैली सुधारसम्बन्धी जनचेतनामूलक कार्यक्रमको राष्ट्रिय नेतृत्व गर्नेगरी अघि बढिएको उहाँले बताउनुभयो । विभिन्न भाषा र क्षेत्रका पुस्तकसहितको पुस्तकालयका साथै चिकित्सकहरूद्वारा नियमित रूपमा स्वास्थ्यार्थीहरूको बीच विविध विषयमा अन्तक्र्रिया एवं सामूहिक परामर्शका कक्षाहरू सञ्चालन गरिँदै आएको महाप्रबन्धक सापकोटाले जानकारी दिनुभयो ।

शल्यक्रियापछिको पुनस्र्थापना, दुर्घटनापछिको पुनस्र्थापना एवं क्यान्सरको पुनस्र्थापना गरी विविध पुनस्र्थापना प्याकेजहरूको सुविधा राखेको चिकित्सालयले बहिरङ्ग÷अतरङ्ग सेवा, एम्बुलेन्स, हेल्थसप आदिसमेत सञ्चालन गररहेको छ । चिकित्सालयले जल चिकित्सा, वाष्प स्नान, ठूलो आन्द्रा सफा गर्ने पद्धति, माटो चिकित्सा, वैज्ञानिक मालिस, योगा थेरापी, योगिक षट्कर्म, मनोचिकित्सा÷परामर्श, आहार/उपवास चिकित्सा, फिजियोथेरापी आदिका माध्यमबाट उपचार गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

चिकित्सालयमा आउने बिरामीका लागि उनीहरूको दैनिक नियमित कार्यतालिका राखिएको छ । बिहान ५.०० बजेदेखि सुरु हुने उक्त कार्यतालिका राति १०.०० बजेसम्मका लागि तय गरिएको छ । चिकित्सालयको नियम एवं चिकित्सकको प्रत्यक्ष निर्देशनमा आहारविहार, योग, मनोरञ्जन आदिलाई पालन गर्दै बिरामी स्वास्थ्यलाभ गरी फर्कने गरेका छन् । चिकित्सालयमा आउने बिरामीका लागि उपचार सेवा, आवास तथा भोजनका लागि दैनिक एक हजार २०० रुपैयाँको प्योकज निर्धारण गरिएको छ । नेपाल सरकारको घोषित स्वास्थ्य नीतिको परिधिभित्र रहेर आर्थिक विपन्न÷द्वन्द्वपीडित, एकल महिला, असक्षमलाई उपचारमा सहुलियत प्रदान गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

चिकित्सालयमा रोग लाग्नै नदिन प्रमोशन अफ पोजेटिभ हेल्थदेखि कब्जियत, पायल्स, अल्सर, कोलाइटिस, ग्यासटाइटिस, अपच, कलेजोका रोगहरूको सफलतापूर्वक उपचार गर्ने गरिएको छ । त्यस्तै रुघाखोकी, एलर्जी, दम, पिनास, टान्सिलाइटिस, टाउको दुख्ने, माइग्रेन, ढाड कम्मर, गर्धन दुख्ने, बाथ, युरिक–एसिड बढेको, डिक्स प्रोल्याप्स, हड्डी खिइएको, साइटिका, नशा च्यापिएको, साना तथा ठूला जोर्नीको दुखाइ, अन्य हाड, जोर्नी, नशा तथा मांसपेशीका समस्याहरूको उपचार हुँदै आएको छ । प्यारालाइसिस (पक्षघात), मुख बाङ्गिने, शरीरको एक वा दुवै भाग नचल्ने, सुगर, प्रेसर, थाइराइड, मोटोपना, अनिद्रा, डिप्रेसन, स्नायु दुर्बलता, मानसिक तनाव वा अन्य मानसिक समस्या, महिनावारी गडबडी, सेतो पानी बग्ने, मिर्गौला र पिसाबसम्बन्धी समस्या, सोरायसिस, एक्जिमा, डन्डीफोर वा अन्य छालाका समस्या सफलताका साथ चिकित्सालयमा उपचार भइरहेको पनि उहाँले जानकारी दिनुभयो ।

सुरुमा प्राकृतिक उपचार पद्धतिले रोग निको पार्छ भन्ने कुरा जनमानसमा विश्वास जगाउन धेरै नै गाह्रो भएको चिकित्सालयका पूर्वनिर्देशक डा विनोद पौडेल बताउनुहुन्छ । अहिले त्यो विश्वास प्राकृतिक चिकित्सा विधाले जितिसकेको बताउँदै उहाँले प्राकृतिक चिकित्सालयलाई अस्पतालका रूपमा भन्दा पनि जीवनशैली सिकाउने विद्यालयका रूपमा विकास गर्नु आवश्यक रहेकामा जोड दिनुभयो । 'हरेक उमेरका व्यक्तिलाई स्वस्थ जीवनशैलीसम्बन्धी प्रशिक्षण दिई रोग नै लाग्न नदिने उद्देश्य राख्नुपर्छ,' उहाँले भन्नुभयो, 'हरेक वर्षको १५ दिन स्वस्थ मानिस नै प्राकृतिक चिकित्सा विधालाई अवलम्बन गर्नु आवश्यक छ ।'

प्राकृतिक चिकित्सा क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै सरकारले पूर्वनिर्देशक पौडेललाई प्रबल जनसेवा श्री पदकबाट सम्मान प्रदान गरेको छ । कोभिड–१९ को महामारीमा प्राकृतिक विधिबाट उपचार, अन्य रोगहरूको सफल उपचार तथा जीवनशैलीसम्बन्धी प्रशिक्षणमा उहाँले विशिष्ट योगदान पुर्याउनुभएको छ । चिकित्सालयले आफ्नो स्थापनाकालयता ६० हजारभन्दा बढी व्यक्तिलाई उपचार गरिसकेको छ ।

पूर्वपश्चिम राजमार्गको रजहर बजारदेखि सात सय मिटर दक्षिणतर्फ पैदलयात्राबाटै पुग्न सकिने यस चिकित्सालयमा जान अटो÷इ–रिक्साहरू सहजै पाउन सकिन्छ । बिहान ६.०० देखि बेलुका ८.०० बजेसम्म प्रत्येक पाँच मिनेटको फरकमा नारायणगढदेखि नियमित सिटी बसको सुविधा रहेको छ । कुल १० बिघा क्षेत्रफलमा फैलिएको चिकित्सालयमा हाल १५० शय्या क्षमता रहेको छ । अस्पतालको दिगो सञ्चालनका लागि २०६४ साल पुसमा महायज्ञ गरिएकामा उक्त महायज्ञमा एक करोड ७३ लाख रुपैयाँ दान सहयोगका लागि बोलकबोल भएको थियो ।

तीनवटै तहका सरकारको साथ र सहयोग पाएको चिकित्सालयमा पूर्वाधार विकास, उपकरण खरिद आदिका लागि हालसम्म करिब ३५ करोड रुपैयाँ बढी लगानी भइसकेको छ ।

उपचारमा आएका बिरामीले उपचारको सफलतापश्चात् गर्ने गरिएका धेरथोर सहयोगका कारण पनि यहाँको सञ्चालन एवं विकासमा सहयोग पुगेको छ । उपचारमा आएका एक बिरामीले उपचारको सफलतापश्चात् रु एक करोड ३० लाख लागतको २३ कोठे भवनसमेत निर्माण गरिदिएको जानकारी दिँदै सापकोटाले उपचारपछि बिरामीहरूले धेरेथोर सहयोग गरेर फर्कने गरेको अनुभव सुनाउनुभयो ।

गण्डकी प्रदेशको समाजिक विकास मन्त्रालयको सिफारिस एवं राष्ट्रिय योजना आयोगको रु १२ करोड ४६ लाख विशेष अनुदानमा चिकित्सालयमा थप भवन बनिरहेको छ । उक्त भवन सम्पन्न भएसँगै हाल रहेको १५० शय्या क्षमतालाई बढाएर ३०० पुर्याउने लक्ष्य राखिएको छ । आगामी दिनमा चिकित्सालयलाई शिक्षण अस्पतालका रूपमा विकास गर्ने योजना राखिएको छ ।

# शासकीय सुधारसम्बन्धी १०० कार्यसूची कार्यान्वयनमा सञ्चार मन्त्रालयको उल्लेख्य प्रगति




शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीअन्तर्गत सूचना तथा सञ्चार मन्त्रालयबाट सञ्चालन भइरहेका कार्यक्रममध्ये अधिकांश सम्पन्न भएका छन् । मन्त्रालयले आज त्यस्ता कार्यक्रमहरूको प्रगति समीक्षा गर्दै अधिकांश कार्यहरू सम्पन्न भई कार्यान्वयनको चरणमा पुगेको जनाएको हो ।

सेवा प्रवाहलाई सरल, छिटो, पारदर्शी तथा नतिजामुखी बनाउने उद्देश्यले अघि सारिएका सुधार कार्यक्रमहरूलाई तोकिएको समय अगावै कार्यान्वयनमा लगिसक्न सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले निर्देशन दिनुभयो । कार्यान्वयनका क्रममा कुनै समस्या देखिए सम्बन्धित निकायसँग समन्वय गरी तत्काल समाधानका लागि पहल गर्नसमेत उहाँले निर्देशन दिनुभयो ।

सरकारले नतिजामा आधारित शासकीय व्यवस्थापन लागू गर्ने उद्देश्यसहित प्रत्येक मन्त्रालयलाई प्रमुख १० कार्य पहिचान गरी कार्ययोजना तयार गर्न निर्देशन दिएको थियो । सञ्चार मन्त्रालयले तोकिएको समयभित्र आफ्नो कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझाएको छ । मन्त्रालयका अनुसार ती कार्यको नियमित प्रगति समीक्षा हुने गरेको छ ।

सेवा प्रवाहलाई सरल, छिटो र परिणाममुखी बनाउने उद्देश्यले 'बिजनेस प्रोसेस रिइन्जिनियरिङ' कार्यक्रमअन्तर्गत गठन गरिएका समितिहरूले आफ्नो प्रारम्भिक काम पूरा गरेका छन् । समितिले मन्त्रालयका विद्यमान प्रक्रिया अध्ययन गरी अनावश्यक चरण हटाउने तथा सेवा सरलीकरणका लागि प्रतिवेदनको मस्यौदा तयार गरिसकेका छन् । यसमा सुझाव सङ्कलनको काम सम्पन्न भएको छ भने आवश्यक कानुनी संशोधनको आवश्यकता पहिचान भएमा थप प्रक्रिया अघि बढाइने मन्त्रालयको भनाइ छ । यस कार्यक्रमका अधिकांश सूचक पूरा भइसकेका छन् ।

त्यस्तै, कर्मचारी प्रशासन सुधारतर्फ पनि मन्त्रालयले उल्लेखनीय प्रगति हासिल गरेको छ । आर्थिक अनियमितता, ढिलासुस्ती र सेवाग्राहीप्रति असहज व्यवहार न्यूनीकरण गर्ने उद्देश्यले मन्त्रालयले कर्मचारी आचारसंहिता तयार गरी लागू गरिसकेको छ । सबै कर्मचारीबाट हस्ताक्षरसहित प्रतिबद्धता पत्र सङ्कलन गरिएको छ । यद्यपि कर्मचारीको कार्यसम्पादनलाई नतिजासँग जोड्ने महत्त्वपूर्ण कार्यक्रम अझै पूर्ण हुन सकेको छैन । प्रत्येक पदका लागि वस्तुनिष्ठ कार्यसम्पादन सूचक तयार गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

त्यस्तै, फ्रन्ट डेस्कमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक विवरण सङ्कलन र तालिम आवश्यकताको सूची तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको छ । डिजिटल प्रशासन र कार्यालय पुनर्संरचनातर्फ पनि मन्त्रालयले उल्लेख्य प्रगति हासिल गरेको छ । यसले भविष्यमा सेवा प्रवाहलाई अझ छरितो, पारदर्शी र 'ट्र्याकिङ' गर्नेगरी बनाउने अपेक्षा गरिएको छ ।

नागरिक गुनासो व्यवस्थापन प्रणालीको क्षेत्रमा पनि मन्त्रालयले संरचनागत काम पूरा गरेको छ । गुनासो व्यवस्थापन समिति गठन भइसकेको छ भने फोन, मोबाइल एप, पोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्ने बहुच्यानल प्रणाली सञ्चालनमा ल्याई काम गर्ने मन्त्रालयले तयारी गरिरहेको छ ।

सरकारको एक सय दिने कार्यसूचीमा सबैभन्दा महत्त्वाकांक्षी कार्यक्रमका रूपमा रहेको हुलाक सेवालाई 'गभर्नमेन्ट कुरियर सर्भिस' मा रूपान्तरण गर्ने योजना पनि कार्यान्वयनका अन्तिम चरणमा छ ।

हालसम्म विभिन्न ६२ वटा जिल्लाबाट हुलाकले सरकारी कागजात व्यक्तिको घरसम्मै पुर्याउन थालिसकेको छ । अरु बाँकी जिल्लामा पनि केहि दिनभित्रै यो सेवा शुरु भइसक्ने हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले बताउनुभयो । त्यस्तै, डाँक रेखा पुनरावलोकनको काम सम्पन्न भइसकेको छ । जसबाट सेवा प्रवाहको समय तथा लागत घटाउन सहयोग पुगेको छ । घरदैलोमा राहदानी सेवाअन्तर्गत ६० हजार ४४६ राहदानी हुलाकमार्फत् जिल्लामा ढुवानी गरिएको छ भने तीन हजार ११३ राहदानी सेवाग्राहीको घरसम्म पुर्याइएको छ । ६२ जिल्लामा सेवा विस्तार भइसकेको छ ।

त्यसैगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा १७ अस्पतालबाट ८३५ वटा स्वास्थ्य परीक्षण नमुना ढुवानी गरिएको छ । यातायात व्यवस्था विभागबाट प्राप्त ५ लाख ५३ हजारभन्दा बढी सवारी चालक अनुमतिपत्र सम्बन्धित जिल्लामा पठाइएको छ भने चार जिल्लामा घरदैलो वितरणको परीक्षण समेत भइरहेको छ । शैक्षिक प्रमाणपत्र ढुवानी कार्यक्रम पनि शुरु भएको छ । राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम भने सम्बन्धित विभागबाट कार्ड उपलब्ध नभएकाले अघि बढ्न सकेको छैन । त्यस्तै नेपाल टेलिकमको सिमकार्ड वितरण कार्यक्रम पनि टेलिकमबाट सामग्री प्राप्त भएपछि मात्र सञ्चालन हुने बताइएको छ । रासस

# पुरस्कार र दण्डको नीतिलाई कडाईकासाथ लागु गर्न महानिरीक्षकको निर्देशन



**काठमाडौं ।**
सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सशस्त्र प्रहरी कर्मचारीमा पुरस्कार र दण्डको नीतिलाई कडाईका साथ लागु गर्दै राष्ट्र, सङ्गठन र आमजनताको अपेक्षाअनुसार कार्यक्षेत्रमा खटिन निर्देशन दिएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा आज महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी बल नेपालका विभिन्न युनिटको कमाण्डमा खटी जान लागेका अधिकृतलाई प्रत्यक्ष र भर्चुअल माध्यमबाट सो निर्देशन दिएका हुन् ।

उनले आफू मातहत कर्मचारीको मनोबल उच्च राखी, समयमै समस्या र आवश्यकतालाई पहिचान गर्दै तल्लो तहसम्म प्रत्यक्ष सम्पर्कमा रहेर कार्य गर्नुपर्ने बताउँदै मातहत कर्मचारीका गुनासालाई चेन अफ कमाण्डमा ल्याउन निर्देशन दिए ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले फिल्डमा खटिने सशस्त्र प्रहरी कर्मचारीले नतिजामुखी कार्य गर्न सकियो भने राष्ट्र र सङ्गठनको नाम उच्च रहने मात्र नभई कमाण्डर र तल्लो तहसँगको सामिप्यता बढ्नुपर्नेमा जोड दिए ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले कार्यक्षेत्रमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरू सस्तो लोकप्रियता र मिडियाबाजीमा ध्यान नदिई नयाँ जोस र उर्जाका साथ आफ्नो जिम्मेवारी र कर्तव्यलाई निर्धक्कका भए । कर्तव्य निर्वाह गर्न पनि आग्रह गरेका छन् । उनले राजश्व चुहावट नियन्त्रण तथा सीमा क्षेत्रमा हुने अवैध चोरीतस्करीविरुद्ध कडा रूपमा प्रस्तुत भई नेपाल सरकारबाट प्रतिबन्धित वस्तुहरू सीमाबाट भित्रन नदिन सशस्त्र प्रहरी कर्मचारीहरू थप सक्रियकाताका साथ लाग्नुपर्ने बताए । रासस

# उपराष्ट्रपति यादवसँग इजिप्टका राजदूतको शिष्टाचार भेट



**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि इजिप्टका राजदूत शेरिफ मुस्ताफा अलसैयद अल्दिवानीले आज लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गरेका छन् । भेटमा शुभकामना आदानप्रदानपश्चात् दुई मुलुकबीचको दीर्घकालीन मित्रता, सद्भाव र समझदारी सम्बन्धका विविध आयाममा विचारविमर्श भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ ।

सोही अवसरमा उपराष्ट्रपति यादवले सन् १९५७ जुलाई १६ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नेपाल र इजिप्टबीच कायम रहेको मित्रता र सद्भावपूर्ण सम्बन्धप्रति सन्तोष व्यक्त गरे । उनले नेपालले सन् १९६६ मा कायरोमा र इजिप्टले सन् १९७० मा काठमाडौँमा दूतावास स्थापना गरेको उल्लेख गर्दै यसले दुई देशबीचको सौहार्दपूर्ण सम्बन्धको द्योतकका रूपमा कार्य गरेको बताए ।

उनले लामो अन्तरालपछि आजै कायरोमा आयोजना हुन लागेको नेपाल–इजिप्ट द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठकप्रति खुसी व्यक्त गर्दै उक्त बैठकबाट महत्त्वपूर्ण सम्झौता तथा समझदारीपत्रहरूमा हस्ताक्षर हुने र सहकार्यका नयाँ मार्गहरू खुल्ने विश्वास व्यक्त गरे ।

उपराष्ट्रपति यादवले नेपाल र इजिप्ट दुवै असंलग्न राष्ट्रहरूको समूह ९नाम० का संस्थापक सदस्य रहेको, संयुक्त राष्ट्रसङ्घ, जी–७७ तथा विश्व व्यापार सङ्गठनलगायत अन्तरराष्ट्रिय मञ्चहरूमा साझा मुद्दाहरूमा सहकार्य गर्दै आएकामा सन्तोष व्यक्त गरे ।

उनले संसारमा अन्याय, सिमान्तीकरण र गरिबी रहेसम्म असंलग्न आन्दोलनको सान्दर्भिकता कायम रहने समान धारणा नेपाल र इजिप्टबीच रहेको बताए । उनले इजिप्टले असंलग्न आन्दोलनको नेतृत्व गर्दै आएको ऐतिहासिक भूमिकाको प्रशंसा गर्दै इजिप्ट सरकारले नेपाल सरकारका अधिकारीहरूलाई तालिम तथा नेपाली विद्यार्थीहरूलाई विभिन्न सङकायमा छात्रवृत्ति प्रदान गर्दै आएकामा धन्यवाद व्यक्त गरे । इजिप्टको राष्ट्रिय दिवसका अवसरमा उपराष्ट्रपति यादवले महामहिम राजदूतमार्फत इजिप्टका महामहिम राष्ट्रपति, सरकार तथा मित्रवत जनतालाई बधाई दिँदै इजिप्टका जनताको निरन्तर शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गरे । उनले महामहिमको कार्यकालमा नेपाल र इजिप्टबीचको सम्बन्ध थप सुमधुर र फलदायी हुने विश्वास पनि व्यक्त गरे ।

सो अवसरमा इजिप्टका राजदूत शेरिफ मुस्ताफा अलसैयद अल्दिवानीले नेपाल र इजिप्टबीचको मित्रता र सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । इजिप्ट नेपालको हरेक क्षेत्रमा सहयोग गर्न तयार छ, विशेषतः सैनिक तथा कृषि क्षेत्रमा सहयोग गर्न इच्छुक छ, उनले भने, नेपालमा रासायनिक मल उपलब्ध गराउन इजिप्ट सहयोग गर्न चाहन्छ । साथै, इजिप्टका कृषि विशेषज्ञहरूलाई नेपाल आमन्त्रित गरी यहाँको कृषिको स्तर उकास्न तत्पर छ । राजदूत अल्दिवानीले आफ्नो कार्यकालको अवधिमा नेपाललाई इजिप्टले प्रदान गर्दै आएको छात्रवृत्तिको सङ्ख्या वृद्धि गर्न विशेष प्रयत्न रहने स्पष्ट गरे । रासस

# गृहमन्त्री गुरुङ र विज्ञान प्रविधिमन्त्री पुनले लिए पद तथा गोपनियताको शपथ



**काठमाडौँ ।**
गृहमन्त्री सुधन गुरुङ र विज्ञान प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले पद तथा गोपनियताको शपथ लिएका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलले दुवै मन्त्रीलाई पद तथा गोपनियताको शपथ खुवाएका हुन् । गुरुङ राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट गोरखा–१ र पुन स्वतन्त्र उम्मेदवार भई म्याग्दीबाट निर्वाचित सांसद हुन् । उनीहरू दुवै जनाको सरकारमा दोस्रो पटक मन्त्रीमा नियुक्त भएको हो । गुरुङ गत चैत १३ गते गृहमन्त्री नियुक्त भएका थिए । शंकास्पद सम्पत्ति र व्यवसायी दीपक भट्टसँगको सम्बन्धका कारण विवादमा परेपछि वैशाख ९ गते पदबाट राजीनामा दिएका थिए । सम्पत्ति विवरणमा प्रश्न उठेपछि गुरुङमाथि अनुसन्धान गर्न गठित छानबिन समितिले गत शुक्रबार प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाएको थियो ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त प्रतिवेदन स्वीकृत गरेसँगै उनलाई पुनः नियुक्ति गर्ने निर्णय गरिएको हो । छानबिन समितिले जग्गा खरिदमा वास्तविक थैली अङ्क छलेको र जग्गा पास गर्दा गुरुङ स्वयं उपस्थित नभएको उल्लेख गरेको छ । पुन भने जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्री बनेका थिए ।

उनले २०८२ माघ ६ गते पदबाट राजिनामा दिएका थिए । राजीनामा दिएलगत्तै उनले म्याग्दी पुगेर प्रतिनिधिसभा सदस्य पदका लागि स्वतन्त्र उम्मेदवारी दर्ता गराएका थिए । रासस

# पार्टीलाई संगठित बनाएर जनतामाझ जानूस्ः ओली

**काठमाडौं ।**
नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टी कार्यकर्ताहरूलाई आपसी मतभेद त्यागेर एकताबद्ध हुँदै जनतामाझ सक्रिय हुन निर्देशन दिएका छन् । एमाले उपाध्यक्ष रामबहादुर थापा 'बादल' को नेतृत्वमा गठन भएको 'निर्वाचन समीक्षा तथा पुनर्गठन कार्यदल' को बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले यस्तो आग्रह गरेका हुन् ।

बैठकमा प्रमुख अतिथिका रूपमा सहभागी भएका ओलीले पार्टी संगठन सुदृढीकरण, विगतका निर्वाचनहरूको निर्मम समीक्षा र आगामी राजनीतिक कार्यदिशाबारे आफ्नो धारणा राखेका थिए । ओलीले भने, सबै नेता–कार्यकर्ता एकताबद्ध भएर जनताको सुख–दुःखमा साथ दिन गाउँ–गाउँ खटिनुपर्छ । बैठकमा कार्यदलले निर्वाचनमा पार्टीले भोगेका चुनौती, प्राप्त परिणाम र आगामी दिनमा अपनाउनुपर्ने रणनीतिक योजनाबारे विस्तृत समीक्षा गरिरहेको छ ।

कार्यदलका सदस्य एवं एमाले सचिव महेश बस्नेतका अनुसार बैठकमा पार्टी संगठनलाई जगैदेखि पुनर्गठन गर्ने र भावी कार्यदिशा तय गर्ने विषयमा नेताहरूबीच सघन छलफल भइरहेको छ ।

चुनावमा देखिएका कमजोरीहरूलाई सच्याउँदै आगामी दिनमा एमालेलाई पहिलो शक्तिको रूपमा स्थापित गर्ने गरी कार्यदलले खाका तयार पार्ने उनले जानकारी दिए । रासस

# महाधिवेशनको विषयमा पार्टीका नेतासँग संवाद भइरहेको छः सभापति थापा



**चितवन ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले १५औँ महाधिवेशनका विषयमा पार्टीका नेतासँग भेट्ने र संवाद गर्ने काम भइरहेको बताएका छन् । मंगलबार चितवनमा पत्रकारहरूसँग कुराकानी गर्दै उनले पार्टी उपसभापति विश्वप्रकाश शर्माले नेताहरूसँग कुराकानी गरिरहेको जानकारी दिए । संस्थापनइतर समूहका नेता पूर्णबहादुर खड्कालाई भेट नदिनुभएको हो ? भन्ने प्रश्नमा उनले पार्टीका नेतासँग भेट्ने, संवाद गर्ने काम आफू र अन्य साथीले गरिरहेको बताए । पार्टी सभापति थापाले क्रियाशील सदस्यता अद्यावधिक गर्ने काम अन्तिम चरणमा पुगेको बताउँदै, १४औँ महाधिवेशनको भन्दा धेरै क्रियाशील सदस्यता हुने दाबी गरे । सभापति थापाले पार्टी कुनै हालतमा विभाजन नहुने बताए ।

# सरकारले सुशासनका राम्रा अभ्यास गरेको छः यादव




**नेपालगन्ज ।**
जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले विचौलियाको अन्त्य गर्न सरकार कटिबद्ध रहेकोमा खुसी व्यक्त गरे ।

अवधि पत्रकार सङ्घ केन्द्रीय समितिले आज यहाँ आयोजना गरेको पत्रकार भेटघाटमा उनले शिक्षा, स्वास्थ्यलगायतका आधारभूत आवश्यकतामा जनताको पहुँच अझैसम्म सहजरुपले पुग्न नसकेको भनी त्यसतर्फ ध्यान दिन सरकारसँग अनुरोध गरे ।

अध्यक्ष यादवले गरिबी र बेरोजगारी चरम सीमामा पुगेको अवस्थामा 'जेनजी'ले उठाएका परिवर्तनका मुद्दामा पुराना राजनीतिक दलको ध्यान जानुपर्ने बताए ।

# नतिजा देखिनेगरी कार्यसम्पादन गर्न सञ्चारमन्त्री डा. तिमिल्सिनाको निर्देशन



काठमाडौँ ।
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले मन्त्रालय तथा मातहतका निकायमा कार्यसम्पादनका क्रममा देखिएका समस्या तत्काल समाधान गरी नतिजामुखी ढङ्गले काम गर्न निर्देशन दिएका छन् । सूचना तथा सञ्चार मन्त्रालयको चालु आर्थिक वर्ष २०८२÷८३ को तेस्रो त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (एमडेक) बैठकलाई मंगलबार सम्बोधन गर्दै उनले समस्या र प्रश्नबाट भाग्ने प्रवृत्तिको अन्त्य गरी तिनको समाधानमा केन्द्रित हुनुपर्ने बताए ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले मन्त्रालयभित्र के–कस्ता समस्या छन् ? ती कहाँबाट उत्पन्न भएका हुन् र तिनको गाँठो कसरी फुकाउन सकिन्छ भन्ने विषयमा केन्द्रित भएर काम गर्न कर्मचारीलाई निर्देशन दिए । विगतमा भएका काम, त्यसबाट प्राप्त नतिजा र हाल देखिएका चुनौतीको समीक्षा गर्दै समाधानमुखी ढङ्गले अघि बढ्नुपर्ने उनको भनाइ थियो । जहाँ समस्या देखिन्छ, त्यसको जरासम्म पुगेर समयमै समाधान खोज्नुपर्छ, उनले भने, प्रश्न र समस्याबाट भाग्ने होइन, त्यसमाथि छलफल गरेर नतिजा देखिने गरी काम गर्नुपर्छ ।

विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट अभाव भएको गुनासो आउने गरेको तर विनियोजन भएको बजेटसमेत अपेक्षाअनुसार खर्च हुन नसकेको उल्लेख गर्दै उनले त्यसको कारण पहिचान गर्न आवश्यक रहेको बताए । अरु विषयगत मन्त्रालयहरुले अर्थ मन्त्रालयले पर्याप्त बजेट नदिएको गुनासो गर्ने तर प्राप्त बजेट खर्च गर्न नसक्ने अवस्थाले कार्यसम्पादनमा रहेका कमजोरी उजागर गरेको उनको भनाइ थियो ।

सरकारले चालु आर्थिक वर्षका लागि तय गरेका नीति, योजना र कार्यक्रम कार्यान्वयनमा सबै निकायले आ–आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा उनले जोड दिए ।

मन्त्रालय र मातहतका निकायका कर्मचारीले केवल नियमित जागिर खाने मानसिकताभन्दा माथि उठेर राष्ट्र निर्माणको अभियानमा योगदान दिनुपर्ने बताउँदै सञ्चारमन्त्री तिमिल्सिनाले राष्ट्रसेवक कर्मचारीले नागरिकको सेवकका रूपमा काम गर्नुपर्ने बताए । सञ्चारमन्त्री डा तिमिल्सिनाले अन्तरनिकाय समन्वय र सहकार्यको अभावका कारण कतिपय कार्यक्रम प्रभावित भएको उल्लेख गरे । सरकारले हुलाक सेवालाई आधुनिकीकरण गरी नागरिकको घरदैलोमै सेवा पु¥याउने लक्ष्यसहित काम गरिरहेको भए पनि सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको उनले बताए ।

त्यस्तै, तथ्याङ्क व्यवस्थापन र अभिलेखीकरणमा समेत सुधार आवश्यक रहेको उल्लेख गर्दै उनले प्रत्येक कर्मचारी आफ्नो जिम्मेवारीप्रति उत्तरदायी हुनुपर्ने र माथिल्लो निकायले आवश्यक सहयोग तथा सहजीकरण गर्नुपर्ने बताए ।

बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य प्रा डा सुदन झाले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई नागरिक सेवा केन्द्रित गर्न आवश्यक रहेको बताए । त्यस्तै वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनका लागि श्रोत साधन अभाव भन्दा पनि कर्मचारीको कार्य क्षमता अभाव मुख्य समस्या रहेको उनको भनाइ छ । बैठकमा मन्त्रालयको बजेट खर्च तथा योजना र कार्यक्रम कार्यान्वयनको अवस्थाबारे प्रस्तुति दिँदै मन्त्रालयका सहसचिव सुवासचन्द्र शिवाकोटीले हालसम्मको खर्च अवस्था सन्तोषजनक नरहेको बताए ।

उनका अनुसार चालु आवका लागि मन्त्रालयलाई सात अर्ब ९१ करोड ३२ लाख ५३ हजार बजेट विनियोजन गरिएकोमा वैशाख मसान्तसम्म चार अर्ब दुई करोड खर्च भएको छ, जुन कूल विनियोजनको ५० दशमलव ८८ प्रतिशत हो । त्यसैगरी चालुतर्फ पाँच अर्ब ९५ करोड १५ लाख विनियोजन भएकामा रु तीन अर्ब ७८ करोड ३७ लाख अर्थात् ६३ दशमलव ५८ प्रतिशत खर्च भएको छ । पुँजीगततर्फ एक अर्ब ९६ करोड १७ लाख विनियोजन गरिएकामा वैशाख मसान्तसम्म २४ करोड २८ लाख मात्र खर्च भएको छ, जुन वार्षिक विनियोजनको १२ दशमलव ३८ प्रतिशत बराबर हो ।

बैठकमा मन्त्रालय र मातहतका निकायका कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या, बजेट खर्चको अवस्था तथा समाधानका उपायबारे छलफल गरिएको छ । रासस

# कङ्गोमा इबोलाबाट १०० जनाको मृत्यु



**कङ्गो ।**
पूर्वी कङ्गोमा इबोला भाइरसको प्रकोप घोषणा भएको एक महिनाभन्दा कम समयमा कम्तीमा १०० जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । पछिल्लो तथ्याङ्कले सङ्क्रमण तीव्र रूपमा फैलिरहेको सङ्केत गरे पनि वास्तविक सङ्ख्या अझै बढी हुन सक्ने आशङ्का गरिएको छ । स्थानीय स्वास्थ्य निकायका अनुसार आइतबारसम्म ५५० जना सङ्क्रमित पुष्टि भएका छन् । तीमध्ये १०१ जनाको मृत्यु भइसकेको र १९ जना निको भएका छन् । यो विवरण सोमबार सार्वजनिक पछिल्लो अवस्था प्रतिवेदनमा उल्लेख गरिएको हो ।

यसअघि प्रकोप घोषणा भएको केही हप्तामै सङ्क्रमण फैलिन थाले पनि औपचारिक पुष्टि ढिलो भएको अधिकारीहरूको भनाइ छ । त्यही कारण रोग नियन्त्रण र रोकथामका प्रयासहरू थप जटिल बनेका छन् ।

स्वास्थ्यकर्मीहरूका अनुसार प्रभावित क्षेत्रमा स्थानीय बासिन्दाबाट आक्रोशित प्रतिक्रिया, स्वास्थ्यकर्मीमाथि आक्रमणका घटना तथा सशस्त्र समूहको सक्रियताले नियन्त्रण अभियानलाई गम्भीर चुनौती दिएको छ । धेरै क्षेत्रमा विश्वासको कमीका कारण परीक्षण, उपचार र सम्पर्क ट्रेसिङ कार्य प्रभावित भएको छ ।

विशेषज्ञहरूले सङ्क्रमणको वास्तविक सङ्ख्या आधिकारिक तथ्याङ्कभन्दा धेरै बढी हुन सक्ने चेतावनी दिएका छन् । प्रभावित क्षेत्रमा समयमै पहिचान नहुनु र सुरक्षा अवस्थाका कारण स्वास्थ्य सेवा पहुँच सीमित भएकाले अवस्था नियन्त्रणबाहिर जान सक्ने जोखिम बढेको बताइएको छ । यो पछिल्लो प्रकोप दुर्लभ बुन्डिबुग्यो प्रकारको इबोला भाइरसका कारण भएको हो । यो प्रकारको भाइरस कङ्गोमा पहिले देखिने जाइर प्रकारभन्दा फरक हो । जाइर प्रकारका लागि खोप र उपचार उपलब्ध रहेको छ ।

तर बुन्डिबुग्यो प्रकारका लागि हालसम्म कुनै स्वीकृत खोप वा विशेष उपचार उपलब्ध नभएकाले रोकथाम र नियन्त्रण कार्य अझै कठिन बनेको स्वास्थ्य अधिकारीहरूको भनाइ छ । विश्लेषकहरूका अनुसार लामो समयदेखि सशस्त्र द्वन्द्व, कमजोर स्वास्थ्य पूर्वाधार र जनविश्वासको कमीका कारण कङ्गोमा इबोला नियन्त्रण अभियान पटक–पटक चुनौतीमा पर्ने गरेको छ । यसपटक पनि त्यही अवस्थाले महामारी नियन्त्रण प्रयासलाई गम्भीर रूपमा प्रभावित गरेको देखिएको छ ।

# व्यावसायिक रुद्राक्ष खेतीबाट राम्रो आम्दानी गर्दै मैदानेका किसान



**भोजपुर ।**
भोजपुरको अरुण गाउँपालिका–७ सिक्रेटारस्थित मैदानेका किसान पछिल्लो समय व्यावसायिक रुद्राक्ष खेतीतर्फ आकर्षित भएका छन् । परम्परागत खेतीभन्दा कम मेहनतमा राम्रो आम्दानी हुने भएकाले यहाँका कृषक रुद्राक्ष खेतीलाई मुख्य आयस्रोतका रूपमा विकास गर्न लागिपरेका हुन् ।

स्थानीय किसान प्रदीप थापाका अनुसार रुद्राक्ष खेतीबाट किसानले वार्षिक न्यूनतम एक लाखदेखि पाँच लाख रूपैयाँसम्म आम्दानी गर्ने गरेका छन् । रुद्राक्षको सिजन सुरु भएपछि गाउँमै व्यापारी आउने गर्छन्, उनले भने, देशका विभिन्न ठाउँबाट खरिदका लागि आउने भएकाले बजारको समस्या छैन । जसले किसानलाई थप उत्साहित बनाएको छ ।

मैदाने क्षेत्रको हावापानी र माटो रुद्राक्ष खेतीका लागि उपयुक्त भएकाले उत्पादन पनि राम्रो हुँदै आएको किसानको अनुभव छ । एकपटक बिरुवा रोपिसकेपछि लामो समयसम्म उत्पादन दिनसक्ने भएकाले यो खेती दीर्घकालीन आम्दानीको भरपर्दो माध्यम बन्दै गएको छ । वडाध्यक्ष कुमार थापाका अनुसार रुद्राक्ष खेतीबाट राम्रो आम्दानी हुन थालेपछि यस क्षेत्रलाई 'रुद्राक्ष पकेट क्षेत्र' का रूपमा विकास गर्ने योजना बनाइएको छ । अन्य बालीको तुलनामा रुद्राक्षबाट किसानले राम्रो आम्दानी लिइरहेका छन, वडाध्यक्ष थापाले भने, त्यसैले यसको विस्तार र प्रवर्द्धनका लागि आवश्यक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने तयारीमा छौँ ।

उनका अनुसार वडाले आगामी दिनमा रुद्राक्षका बिरुवा वितरण, प्राविधिक तालिम, बजार व्यवस्थापन र ब्रान्डिङमासमेत ध्यान दिने योजना बनाएको छ । रुद्राक्ष खेतीसँगै यहाँका किसान अन्य फलफूल तथा तरकारी खेती पनि सँगसँगै गर्दै आएका छन् । तर पछिल्लो समय रुद्राक्षले स्थायी आम्दानी दिन थालेपछि धेरै किसानले यसलाई प्राथमिकता दिन थालेका छन् । स्थानीयस्तरमा रोजगारी सिर्जना, आर्थिक अवस्था सुधार तथा कृषिमा आत्मनिर्भरता बढाउने दिशामा रुद्राक्ष खेतीले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । मैदाने क्षेत्रको यो अभ्यास अन्य सुक्खाग्रस्त तथा पहाडी क्षेत्रका लागि नमुना बन्नसक्ने स्थानीय किसानको भनाइ छ ।

वडाले सिँचाइका लागि दुई वटा पोखरी निर्माण गरिदिएपछि मैदाने गाउँका अधिकांश किसानले रुद्राक्षको खेती गर्दै आएका छन् । सडक पहुँच विस्तारका कारण रुद्राक्षको खरिद बिक्रीमा सहजता भएको किसानको भनाइ छ । रासस

# मध्यपूर्व शान्ति सम्झौता अन्तिम चरणमाः ट्रम्प



**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान र इजरायलबीच महिनौँदेखि जारी तनावपछि मध्यपूर्वमा शान्ति सम्झौता अन्तिम चरणमा पुगेको दाबी गरेका छन् । उनका अनुसार पछिल्लो समय पुनः चर्किएको शत्रुता रोकिएसँगै वार्ताकारहरू निर्णायक मोडमा पुगेका हुन् । राष्ट्रपति ट्रम्पले मङ्गलबार पत्रकारहरूसँग कुरा गर्दै इरान र इजरायलबीचको वार्ता अब 'अन्तिम चरण' मा प्रवेश गरेको बताए । उनले यसलाई 'धेरै राम्रो सम्झौता' को नजिक पुगेको प्रक्रिया भन्दै केही दिन वा हप्ताभित्र निष्कर्ष निस्कन सक्ने सङ्केत गरे । यसअघि उनले बारम्बार तेहरानसँग शान्ति सम्झौता नजिकै रहेको दाबी गर्दै आए पनि कूटनीतिक प्रक्रिया बारम्बार अवरुद्ध हुँदै आएको छ । अप्रिल ८ देखि लागू युद्धविरामपछि पनि दुवै पक्षबीच सीमित गोलीबारी र तनाव जारी रहेको उल्लेख गरिएको छ । ट्रम्पका अनुसार इरान र इजरायलबीच बारम्बार 'आक्रमण र प्रतिआक्रमण' भइरहे पनि दुवै पक्षले हाल आफूबाट रोक्ने सहमति गरेको अवस्था छ । उनले यो प्रक्रियालाई 'अज्ञानता वा मूर्खताबाट बाहिर निस्किने अवसर' का रूपमा व्याख्या गरे ।

इरानले कुनै पनि सम्झौतामा लेबनानको विषय समेटिनुपर्ने अडान दोहो¥याएको छ । साथै इजरायलले इरान समर्थित हिजबुल्लाहविरुद्ध सैन्य दबाब बढाइरहेका बेला आइतबार इजरायलमा क्षेप्यास्त्र प्रहार भएको बताइएको छ, जसले पुनः इजरायली प्रतिकारलाई निम्त्याएको थियो । त्यसपछि इरानले सैन्य कारबाही रोक्ने घोषणा गरे पनि केही घण्टामै पुनः क्षेप्यास्त्र प्रहार भएको र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले उक्त मोर्चामा स्थिति नियन्त्रणमा आएको बताएका विवरणहरू सार्वजनिक भएका छन् । नेतान्याहुले इरानले पुनः आक्रमण गरे कडा जवाफ दिने चेतावनी दिँदै 'पूर्ण शक्तिका साथ प्रतिक्रिया दिने' बताएका छन् । इजरायली रक्षा मन्त्री इजरायल काट्जले भने लेबनानमा सैन्य अभियान निरन्तर रहने स्पष्ट पारे ।

अमेरिकी राष्ट्रपति ट्रम्पले यसअघि इजरायल र इरान दुवैलाई तत्काल गोलीबारी रोक्न आग्रह गरेका थिए । उनले नेतान्याहुलाई फोन गरेर इजरायललाई संयमता अपनाउन चेतावनी दिएको पनि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । यसबीच अमेरिकी उपराष्ट्रपति जेडी भान्सले संयुक्त राज्य अमेरिका र इजरायलका रणनीतिक चासोहरू धेरैजसो मिल्ने भए पनि केही अवस्थामा फरक हुन सक्ने बताएका छन् । क्षेत्रीय रूपमा लेबनानमा हिंसा तीव्र बनेको छ ।

इजरायली आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायली सेनाले आफ्ना फौजतर्फ प्रक्षेपण गरिएका केही प्रोजेक्टाइल रोकेको र कुनै हताहत नभएको दाबी गरेको छ । यमनबाट आएको भनिएको हवाई लक्ष्य पनि अवरोध गरिएको बताइएको छ । यसैबीच इरान र इजरायलबीचको क्षेप्यास्त्र आदानप्रदानपछि इरान र इजरायल दुवैमा ठूलो क्षति नभएको प्रारम्भिक जानकारी आएको छ । तर मध्यपूर्वका संवेदनशील व्यापारिक मार्ग, विशेषगरी हर्मुज जलघाँटीमा ढुवानी अवरुद्ध भएको उल्लेख गरिएको छ । इरानको राजधानी तेहरानमा भने युद्धको डरबीच पनि जीवन आंशिक रूपमा सामान्य देखिएको छ । क्याफेहरूमा भीड देखिएको, पेट्रोल पम्पमा लाइन बढेको र नागरिकहरू अनिश्चितताको अवस्था व्यक्त गरिरहेको विवरण सार्वजनिक भएको छ ।

इजरायलको तेल अभिवमा भने क्षेप्यास्त्र चेतावनी सायरनपछि नागरिकहरू आश्रयस्थलतर्फ गएको जनाइएको छ । यसैबीच कूटनीतिक प्रयास जारी रहेको र पाकिस्तानसहितका मध्यस्थकर्ताहरू शान्ति प्रक्रियामा सक्रिय रहेको बताइएको छ । इरानका विदेश मन्त्रालयका प्रवक्ताले कूटनीति जारी रहेको तर लडाइँले त्यसलाई प्रभावित पार्न सक्ने चेतावनी दिएका छन् । तेहरान र वार्ताको टेबल अझै खुला रहेको इरानी राष्ट्रपति मसुद पेजेस्कियानले सामाजिक सञ्जालमा उल्लेख गरेका छन् । रासस

# असोज ८ देखि एभरेस्ट महिला भलिबल लिग



**काठमाडौं ।**
नेपालको पहिलो महिला फ्रेन्चाइज भलिबल प्रतियोगिता एभरेस्ट महिला भलिबल लिग (ईडब्लूभीएल) को तेस्रो संस्करण आगामी असोज ८ देखि १७ गतेसम्म काठमाडौंमा आयोजना हुने भएको छ । आयोजक इन्फिनिटी ड्रिम्सले विज्ञप्ति जारी गर्दै प्रतियोगिता त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा सञ्चालन हुने जानकारी दिएको हो । सहभागी फ्रेन्चाइज टोली तथा सरोकारवालासँगको परामर्शपछि प्रतियोगिताको मिति तय गरिएको आयोजकले जनाएको छ ।

नेपालमा महिला भलिबलप्रतिको आकर्षण निरन्तर बढिरहेका बेला दशैंअघि आयोजना हुने लिगले खेलप्रेमीलाई खेलकुद र चाडपर्वको मनोरञ्जन एकैसाथ प्रदान गर्ने विश्वास आयोजकको छ । एसियाकै पहिलो महिला फ्रेन्चाइज भलिबल लिगका रूपमा परिचित ईडब्लूभीएलले नेपाली महिला भलिबलको विकास र व्यावसायिककरणमा महत्वपूर्ण योगदान पु¥याउँदै आएको आयोजकको दाबी छ । यसअघि सम्पन्न दुई संस्करणको सफलतापछि तेस्रो संस्करणलाई अझ व्यवस्थित, आकर्षक र प्रतिस्पर्धात्मक बनाइने जनाइएको छ ।

पहिलो संस्करण काठमाडौंमा आयोजना भएको थियो भने दोस्रो संस्करण पोखरामा सुरु भए पनि केही प्राविधिक कारणले बीचमै रोकिएको थियो । त्यसपछि बाँकी खेल तथा फाइनल काठमाडौंमा सम्पन्न गरिएको थियो । हालसम्मका दुवै संस्करणमा कर्णाली यशविसले उपाधि जितेको छ । दोस्रो संस्करणमा कर्णाली यशविससहित ललितपुर क्विन्स, काठमाडौं स्पाइकर्स, मधेश युनाइटेड, लुम्बिनी लाभाज र पोखरा निन्जाले प्रतिस्पर्धा गरेका थिए । लिगका टेक्निकल डाइरेक्टर जगदीश भट्टले तेस्रो संस्करण विगतभन्दा अझ उत्कृष्ट हुने विश्वास व्यक्त गरे । उनले नेपालको महिला भलिबल अन्तर्राष्ट्रिय स्तरमा पनि उल्लेखनीय प्रगति गरिरहेको उल्लेख गर्दै लिगले खेलाडीलाई आर्थिक अवसरसँगै प्रतिस्पर्धात्मक अनुभव प्रदान गर्ने बताए । भट्टका अनुसार महिला भलिबल अहिले एफआईभीबीको विश्व वरीयतामा समावेश भइसकेको छ भने एसियाली स्तरमा पनि उल्लेखनीय स्थान बनाउन सफल भएको छ । यस्ता उपलब्धिलाई थप मजबुत बनाउन एभरेस्ट महिला भलिबल लिगले महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ ।

स्तरोन्नति गरिएको राखेप कभर्डहलमा पछिल्लो समय काभा महिला भलिबल च्याम्पियनसिपसहित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सफलतापूर्वक सम्पन्न भइसकेका छन् । सोही पूर्वाधारको उपयोग गर्दै यस वर्षको लिग पनि काठमाडौंमै आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । रासस

# 'होमस्टे'ले बदलिँदै थारू महिलाको जीवनशैली



**नवलपरासी ।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व)को देवचुली नगरपालिका–१७ पिप्रहरमा सञ्चालित सामुदायिक होमस्टे (घरबास) अहिले केवल पर्यटक बस्ने ठाउँ मात्र बनेको छैन, यसले स्थानीय थारू महिलाको जीवनशैली, आत्मविश्वास र आर्थिक अवस्था नै परिवर्तन गर्न थालेको छ । केही वर्षअघिसम्म घरधन्दा, बालबालिका हेरचाह र खेतीपातीमै सीमित रहने यहाँका महिला अहिले पाहुनाको स्वागतदेखि व्यवस्थापन र सांस्कृतिक कार्यक्रम सञ्चालन सम्ममा अग्रसर देखिन्छन् । नयाँ मानिससँग बोल्न हिच्किचाउने महिला अहिले निर्धक्कसँग आफ्नो गाउँ, संस्कृति र जीवनशैलीबारे जानकारी गराउन सक्ने भएका छन् ।

पिप्रहर सामुदायिक होमस्टेमा पछिल्ला वर्षमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएको छ । स्थानीय थारू संस्कृति, परम्परागत खानपान, प्राकृतिक वातावरण र ग्रामीण जीवन नजिकबाट अनुभव गर्न चाहने पर्यटक यहाँ पुग्ने गरेका छन् । होमस्टे सञ्चालनको अधिकांश जिम्मेवारी महिलाकै काँधमा छ । पाहुनालाई स्वागत गर्ने, परिकार तयार गर्ने, सांस्कृतिक नृत्य प्रस्तुत गर्ने र सरसफाइ व्यवस्थापनजस्ता काम महिलाले नै सम्हालिरहेका छन् । त्यस्ता कार्यमा पुरुषले सहयोग भए पनि नेतृत्व तहमा भने महिलाकै सक्रियता पाइन्छ ।

स्थानीय चन्द्रामाया महतो होमस्टे सुरु भएपछि आफ्नो जीवनमा ठूलो परिवर्तन आएको बताउँछन् । पहिले खेतीपातीको आम्दानीमै भर पर्नुपथ्र्यो । खर्च धान्न गाह्रो हुन्थ्यो, उनले भने, अहिले होमस्टेमा पाहुना आउँछन्, सेवा गरेबापत आम्दानी हुन्छ । घरखर्च चलाउन सहज भएको छ । होमस्टेले महिलालाई आर्थिक रूपमा मात्र होइन सामाजिक रूपमा पनि सशक्त बनाएको स्थानीयको भनाइ छ । परिवार र समाजबाट प्रोत्साहन पाएपछि महिला नेतृत्व तहमा पुग्न सक्षम भएको अनुभव उनीहरूले सुनाउँछन् ।

पिप्रहरमा आउने पर्यटकका लागि स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्य मुख्य आकर्षण बनेको पिप्रहर सामुदायिक होस्टेका अध्यक्ष सोमनाथ महतोले बताए । 'यहाँ आउने पाहुनाले गाउँको मौलिक संस्कृति र घरमै बसेजस्तो अनुभव पाउँछन्', उनले भने, 'नारायणी नदी आसपासको मध्यवर्ती क्षेत्रमा जिप सफारीमार्फत गैँडा, हरिण, मृग, बँदेल, गोही र विभिन्न चराचुरुङ्गी अवलोकन गर्न सकिन्छ ।'

उनका अनुसार जङ्गली जनावरका कारण स्थानीयले भोग्ने समस्या पनि अहिले पर्यटकीय आकर्षणमा बदलिन थालेको छ । गाउँबस्ती नजिक आउने वन्यजन्तु अवलोकन गर्न पर्यटक उत्साहित हुने गरेका छन् । होमस्टेले महिलाको आत्मनिर्भरता र क्षमता विकासमा महत्वपूर्ण योगदान पु¥याएको देवचुली नगरपालिका प्रमुख हरिप्रसाद न्यौपानेले बताए । पहिले महिला बाहिर बोल्नै डराउनुहुन्थ्यो, उनले भने, अहिले पाहुनासँग खुलेर संवाद गर्नुहुन्छ, कार्यक्रम सञ्चालन गर्नुहुन्छ । गाउँकै विकासमा महिलाको भूमिका बढेको छ ।

विसं २०७२ मा पाँच घरबाट सुरु गरिएको पिप्रहर सामुदायिक होमस्टे अहिले विस्तार भएर २२ घरमा पुगेको छ । होमस्टेसँगै स्थानीय उत्पादन, थारू परिकार र सांस्कृतिक कार्यक्रमले बजार पाउन थालेको छ । ग्रामीण पर्यटनसँगै महिलाको नेतृत्व र आर्थिक सशक्तीकरणको उदाहरण बनेको पिप्रहर सामुदायिक होमस्टे अहिले नवलपरासी (बर्दघाट सुस्तापूर्व)को पहिचान बन्दै गएको छ । रासस

# तिलागुफालाई पूर्णखोप सुनिश्चित घोषणा



**कालीकोट ।** जिल्लाको तिलागुफा नगरपालिकालाई पूर्णखोप सुनिश्चित घोषणा गरिएको छ । जन्मेदेखि पाँच वर्षमुनिका सबै बालबालिकाले १३ वटा खोप पाएपछि तिलागुफालाई जिल्लाको पाँचौँ पूर्णखोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको हो ।

जन्मेदेखि १५ महिनाभित्रका बालबालिकालाई विभिन्न रोगबाट बचाउन १३ प्रकारका खोप लगाइसक्नुपर्ने प्रावधान रहेको र कुनै कारणले खोप लगाउन छुटेका १६ देखि ५९ महिनासम्मका बालबालिकालाई स्थानीय तहका स्वास्थ्य शाखामार्फत खोजी गरेर सबै खोपको मात्र पूरा गरेपछि पूर्णखोप सुनिश्चित घोषणा गर्ने प्रावधान रहेको स्वास्थ्य सेवा कार्यालयका प्रमुख तथा जिल्ला खोप समन्वय समिति सदस्यसचिव डा रत्नवीर सुनारले बताए ।

नगरपालिकाका सबै बालबालिकालाई खोप पुर्याउन स्थानीय तहका खोप केन्द्रले काम गरेका छन्, उनले भने, पूर्णखोपका लागि स्वास्थ्यकर्मीको सक्रियता, जनप्रतिनिधिको अगुवाइ महत्त्वपूर्ण छ ।

तिलागुफाका ११ वटै वडामा खोप अभियान सञ्चालन गरेर सबै बालबालिकाले खोप पाएको एकिन भएपछि पूर्णखोप सुनिश्चित घोषणा गरिएको नगरप्रमुख शङ्करप्रसाद उपाध्यायले जानकारी दिए ।

नगरपालिकाका विकट बस्तीमा पनि स्वास्थ्यकर्मी खटाएर सबै बालबालिकालाई खोपको पहुँचमा ल्याएका छौं,' उनले भने, जिल्ला बाहिर गएकालाई पनि घरपरिवारमार्फत सूचना गरेर खोप पाएको सुनिश्चितता गरेका हौँ ।

गत माघ, फागुन र चैतमा जिल्लाभर खोज र खोप अभियान सुरुआत गरेको स्वास्थ्य सेवा कार्यालयले जिल्ला खोप समन्वय समितिको अनुगमनका आधारमा सबै बालबालिकाले खोप पाएको एकिन गरेपछि यहाँका स्थानीय तहलाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिएको स्वास्थ्य सेवा कार्यालयका जनस्वास्थ्य अधिकृत तथा जिल्ला खोप फोकल पर्सन कटकबहादुर महतले जानकारी दिए । रासस

# सौर्य ऊर्जाले उज्यालियो खयरकन्द्रा होमस्टे, पर्यटक सेवामा सुधार

**कञ्चनपुर ।** पर्यावरणमैत्री पर्यटन प्रवद्र्धन तथा ग्रामीण समुदायको आयआर्जनमा टेवा पु¥याउने उद्देश्यले शुक्लाफाँटा नगरपालिका–३ जोनापुरस्थित खयरकन्द्रा सामुदायिक घरबास (होमस्टे)मा सौर्य ऊर्जाबाट सञ्चालन हुने ब्याकअप प्रणाली जडान गरिएको छ । विद्युत् आपूर्तिमा हुने अवरोधकाबीच पनि पर्यटकलाई निरन्तर सेवा उपलब्ध गराउन सहज भएको छ ।

शुक्लाफाँटा नगरपालिका, 'कनेक्ट' परियोजनाको साझेदारी तथा हिमाली प्रकृतिको समन्वयमा आठ वटा होमस्टे घरमा सोलार 'ब्याकअप' प्रणाली जडान गरिएको हो । कनेक्ट परियोजनाका टिम लिडर मनोजप्रसाद ओझाका अनुसार आठवटै घरमा प्रणाली जडान गर्न सात लाख ५९ हजार ५२० खर्च भएको छ । प्रतिघर ९४ हजार ९४७ का दरले सोलार प्रणाली जडान गरिएको उनले बताए ।



हिमाली प्रकृतिका प्राविधिक सुपरभाइजर पुरनसिंह ठगुन्नाले सौर्य ऊर्जाको प्रयोगले नवीकरणीय ऊर्जा प्रवद्र्धन, जीविकोपार्जनमा सुधार तथा होमस्टेको स्तरोन्नतिमा महत्वपूर्ण योगदान पुगेको बताए । "ग्रामीण पर्यटनलाई दिगो र वातावरणमैत्री बनाउन सौर्य ऊर्जाको प्रयोग प्रभावकारी माध्यम हो", उनले भने ।

होमस्टे सञ्चालक खुशीराम चौधरीले सोलार ब्याकअप प्रणाली जडान भएपछि बत्ती जाने समस्याबाट मुक्त भएको बताए । 'पहिले विद्युत् अवरुद्ध हुँदा पर्यटकलाई असहज हुन्थ्यो, अहिले होमस्टेमा बस्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई कोठामा बत्ती, पंखा, 'मोबाइल चार्जिङ' र अन्य आधारभूत सेवा निरन्तर उपलब्ध गराउनसक्ने भएका छौँ', उनले भने । यसले पर्यटकको बसाइलाई थप सहज र आकर्षक बनाएको उनको अनुभव छ ।

स्थानीय टिकुराम डगौराले ग्रामीण क्षेत्रमा विद्युत् आपूर्तिमा कहिलेकाहीँ आउने अवरोधले पर्यटन व्यवसाय प्रभावित हुने गरेको थियो । सौर्य प्रणाली जडानपछि होमस्टे ऊर्जाको वैकल्पिक स्रोतसँग जोडिएका छन् ।

जसले सेवा प्रवाहलाई भरपर्दो बनाएको छ । सौर्य ऊर्जाको प्रयोगले विद्युत् खर्च घटाउने, कार्बन उत्सर्जन कम गर्ने तथा वातावरण संरक्षणमा योगदान पु¥याउने अनुगमनमा पुगेका शुक्लाफाँटा नगरपालिकाका नगरउपप्रमुख कल्पना पन्तले बताए ।

विशेषगरी प्रकृति र पर्यावरणमा आधारित होमस्टे तथा ग्रामीण पर्यटन क्षेत्रमा यस्ता प्रणालीले दिगो पर्यटनको अवधारणालाई बल पु¥याउने विश्वास गरेका छौँ, उनले भने ।

खयरकन्द्रा सामुदायिक होमस्टे शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्रको संस्कृति, परम्परा र प्राकृतिक सौन्दर्यसँग परिचित गराउने गन्तव्यका रूपमा परिचित छ ।

सौर्य ऊर्जामा आधारित पूर्वाधार विस्तारसँगै यहाँको पर्यटकीय सेवा र आकर्षण थप सुदृढ हुने अपेक्षा गरिएको छ । होमस्टेमा बस्नका लागि आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । पर्यटकलाई बस्ने सुविधा संगै रुचि अनुसारको थारु परिकार पस्कीने गरिन्छ ।

सांस्कृतिक नृत्य पनि देखाउने व्यवस्था होमस्टेमा रहेको छ । रासस

# महाकाली सिँचाइ आयोजना: सिँचाइ क्षेत्र विस्तार गरिँदै

**महेन्द्रनगर ।** सुदूरपश्चिमको राष्ट्रिय गौरवको आयोजना महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत यस वर्ष 'कमाण्ड' क्षेत्र विस्तार गरी सिँचाइ सुविधा प्रदान गर्ने तयारी रहेको छ । आगामी चालु आर्थिक वर्षको बजेटमा महाकाली सिँचाइ आयोजना तेस्रो चरणको कमाण्ड क्षेत्र विस्तार गर्ने घोषणासमेत गरिएको छ । महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सूचना अधिकारी यादव बरालले मूल नहर निर्माण भएको २८ किलोमिटरसम्मको भूभागमा सिँचाइ सुविधा प्रदान गर्नेगरी गृहकार्य अघि बढेको जानकारी दिए ।



बजेटमा भनेको कमाण्ड क्षेत्र विस्तार भनेको पनि बनेको नहरबाट शाखा नहरमार्फत सिँचाइ सुविधा दिने भन्ने हो, उनले भने, त्यसका लागि २२ शाखा नहर निर्माणको अन्तिम चरणमा छन् ।

नेपाल–भारत महाकाली सन्धिअनुसार महाकाली नदीबाट नेपालतर्फ पानी ल्याउने विषय भने अझै किनारा लागेको छैन । महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत मूल नहर निर्माण सम्पन्न भए तापनि भारतसँग नियमित पानीको प्रोटोकल (एकओपी) वा सम्झौता नहुँदा नहरमा नियमित पानी आउन नसकेको सूचना अधिकारी बरालले जानकारी दिए ।

एसओपी स्वीकृत भएको छैन तर परराष्ट्रमन्त्रीज्यूको भारत भ्रमणका बेला पानी ल्याउने विषयमा पहल भएको छ, उनले भने, कुन समयमा कति पानी दिनेलगायतका विषय टुङ्गो लगाउनुपर्ने हुन्छ । महाकाली सन्धिअनुसार भारतीय पक्षले पनि टनकपुरदेखि नेपाल–भारत सिमानासम्म बनाउनुपर्ने एक हजार २०० मिटर मूल नहर निर्माण गरिसकेको छ भने नेपालले आफ्नो क्षेत्र ब्रह्मदेवदेखि शुक्लाफाँटाको टोटी फुलेलीसम्म २८ किमी मूल नगर निर्माण गरिसकेको महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सूचना अधिकारी इन्जिनियर बरालले जानकारी दिए । चालु आर्थिक वर्षमा पुँजीगततर्फ रु ७० करोड खर्च भएको उनले बताए ।

महाकाली नदीबाट भारतले परीक्षणका लागि पानी मूल नहरमा छाडे पनि नियमित छाडेको छैन । सिँचाइ आयोजनाले तीनपटक जलस्रोत तथा सिँचाइ विभागमा पानी ल्याउने विषयमा भारतसित समन्वय गर्न पत्राचार गरिसकेको छ ।

कैलालीको मालाखेतीसम्म ३३ हजार ५२० हेक्टर जग्गा सिँचाइ गर्ने लक्ष्यसहित १८ वर्षअघि सुरु भएको महाकाली सिँचाइ आयोजनाको प्रगति भइरहेको भए पनि पानी ल्याउन ठोस पहल भएको छैन । अहिले मूल नहरअन्तर्गत २८ देखि ४८ किलोमिटरसम्म मूल नहर चारवटा प्याकेजमा निर्माण भइरहेको छ, बरालले भने । आगामी २०८७ सम्ममा कैलालीको मालाखेतीसम्म नहर निर्माण सक्ने सरकारको लक्ष्य छ । साथै आयोजनामा रु नौ अर्ब लगानी भइसकेको छ ।

महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट कञ्चनपुरका केही भूभागमा सिँचाइ सुविधा दिइएको छ । राजमार्गको उत्तरतर्फको भागमा पर्ने सिँचाइका लागि सुदूरपश्चिम प्रदेश सरकार र स्थानीय पालिकाले ट्युबेल, बोरिङ जडानलाई प्राथमिकता लिएर सिँचाइ सुविधामा सघाउ पुर्याइरहेका छन् । रासस

# सुरक्षित नेपालका लागि साझेदारी, ज्ञान र उत्थानशीलताको आवश्यकतामा जोड

**काठमाडौँ ।** विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तनका चुनौती, समुदायमा आधारित पूर्वतयारी तथा बहुपक्षीय साझेदारीको आवश्यकतामा सम्बन्धित विज्ञहरूले जोड दिएका छन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा कार्यरत प्रकोप पूर्वतयारी सञ्जाल (डिपिनेट) नेपालले आफ्नो ३०औँ वार्षिकोत्सवका अवसरमा यहाँ आयोजित सुरक्षित नेपालका लागि साझेदारी, ज्ञान र उत्थानशीलताको तीन दशक विषयक कार्यक्रमका सहभागी वक्ताहरूले विगतका अनुभवलाई आधार बनाएर आगामी दिनमा पूर्वतयारी, सुशासन र जोखिम व्यवस्थापनलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका हुन् ।




कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य प्रा डा सञ्जय आचार्यले विपद् व्यवस्थापनमा व्यक्ति र परिवारस्तरदेखि नै सचेतना अभिवृद्धि गर्नुपर्ने तथा त्यसलाई समुदाय र संस्थागत संरचनासँग जोड्नुपर्ने बताए । उनले व्यक्ति, परिवार, समुदाय, स्थानीय, प्रदेश र सङ्घीय सरकार, विकास साझेदार तथा नागरिक समाजबीचको समन्वयले मात्र प्रभावकारी विपद् व्यवस्थापन सम्भव हुने धारणा राखे । जलवायु परिवर्तनको प्रभाव विशेषगरी हिमाली क्षेत्रमा तीव्र रूपमा देखापरेको उल्लेख गर्दै उनले जलवायु न्याय, अनुकूलन र जलवायु वित्तमा नेपालको पहुँच विस्तार गर्न अन्तरराष्ट्रिय पहल आवश्यक छ भने ।

एसोसिएसन अफ इन्टरनेसनल एनजिओज इन नेपाल (एआइएन)का अध्यक्ष डा एसपी कलाउनेले जलवायु परिवर्तन, सहरीकरण र वातावरणीय जोखिमका कारण विपद् व्यवस्थापनको क्षेत्र झन् जटिल बन्दै गएको उल्लेख गर्दै डिपीनेटजस्ता सञ्जालहरूको आवश्यकता अझ बढेको बताए । समुदायलाई केन्द्रमा राखेर जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उनले अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि अहिले पूर्वतयारी, जोखिम न्यूनीकरण तथा पुनस्र्थापनामा लगानी बढाइरहेको जानकारी दिए ।

डिपिनेट नेपालका अध्यक्ष डा वसन्तराज अधिकारीले विगतमा कम प्राथमिकतामा रहेका विपद् र जलवायु परिवर्तनका विषय अहिले राष्ट्रिय तथा अन्तरराष्ट्रिय बहसका केन्द्रमा पुगेको उल्लेख गर्दै विज्ञान, प्रविधि तथा कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ र बिग डाटाजस्ता नवीन प्रविधिको उपयोग गर्दै जोखिम व्यवस्थापनलाई सुदृढ बनाउनुपर्ने बताए । उपाध्यक्ष केशवदत्त भट्टले डिपीनेटले विगत तीन दशकदेखि विपद् व्यवस्थापनलाई प्रतिक्रियात्मक अवस्थाबाट पूर्वतयारीमुखी दृष्टिकोणतर्फ लैजान महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरे । महासचिव सुरज गौतमले विगत ३० वर्षमा हासिल गरेका सिकाइलाई संस्थागत गर्दै समुदायसम्म पुर्याउने प्रतिबद्धतासमेत व्यक्त गरे ।

कार्यक्रमको प्राविधिक सत्रअन्तर्गत जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईँले मनसुन, तापलहर जोखिमसम्बन्धी प्रस्तुति दिँदै यस वर्ष देशका अधिकांश क्षेत्रमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको जानकारी दिँदै मनसुन, एल निनो तथा इन्डियन ओसन डाइपोलजस्ता जलवायु प्रणालीले नेपालमा वर्षाको अवस्था निर्धारण गर्ने बताए ।

चट्याङविज्ञ सञ्जोग खनालले नेपालमा चट्याङबाट हुने मानवीय क्षति दक्षिण एसियाकै उच्चमध्ये रहेको बताए । सन् २०२० देखि २०२५ सम्म नेपालमा तीन करोडभन्दा बढी चट्याङ स्ट्रोक अभिलेख भएको जानकारी दिँदै प्रभावकारी पूर्वसूचना प्रणाली, समुदायस्तरको तयारी र जनचेतनाले चट्याङबाट हुने क्षति न्यूनीकरण गर्न सकिने धारणा राखे । रासस

# 'एयर पोलुसन स्टेशन'ले राप्तीमा सहज

**दाङ ।** राप्ती गाउँपालिकाको कार्यालय परिसरमा 'एयर पोलुसन स्टेशन' मेसिन राखिएपछि पालिकालाई सहज भएको छ । पालिका अध्यक्ष प्रकाश विष्टका अनुसार पालिकाभित्रको वातावरण प्रदुषणको अवस्थाका बारेमा थाहा दिन्छ ।

वातावरण संरक्षण, वृक्षरोपण, सडक धुलो नियन्त्रण तथा जनस्वास्थ्यसम्बन्धी योजना बनाउन सहज हुने गरेको अध्यक्ष विष्टको भनाइ छ । 'हाल पालिकाभित्र उद्योग, सवारीसाधन र अन्य स्रोतबाट हुने प्रदुषणको अवस्था कस्तो छ भन्ने कुरा यही यन्त्रले पत्ता लगाउँछ', उनले भने, 'जसले गर्दा हामीलाई सहज भएको छ । यन्त्रले २४सै घण्टा नै वातावरणको निगरानी गर्ने गर्दछ ।



एक करोड मूल्य बराबरको उक्त मेसिन सङ्घीय सरकारले जडान गरेको हो । जुन यन्त्र मोफसलमा राप्ती गाउँपालिकाले मात्रै जडान गरेको छ ।

दुई वर्ष अघि जडान गरिएको अध्यक्ष विष्टले बताए ।

दाङको राप्ती गाउँपालिकाको कार्यालय परिसरमा 'एयर पोलुसन स्टेशन' मेसिन राखिएपछि पालिकालाई सहज भएको छ । पालिका अध्यक्ष प्रकाश विष्टका अनुसार पालिकाभित्रको वातावरण प्रदूषणको अवस्थाका बारेमा थाहा दिन्छ ।

त्यसले गर्दा वातावरण संरक्षण, वृक्षरोपण, सडक धुलो नियन्त्रण तथा जनस्वास्थ्यसम्बन्धी योजना बनाउन सहज हुने गरेको अध्यक्ष विष्टको भनाइ छ ।'

हाल पालिकाभित्र उद्योग, सवारीसाधन र अन्य स्रोतबाट हुने प्रदूषणको अवस्था कस्तो छ, भन्ने कुरा यही यन्त्रले पत्ता लगाउँछ, उनले भने, जसले गर्दा हामीलाई सहज भएको छ । रासस

# किसानलाई ५० प्रतिशत अनुदानमा कृषि उपकरण

**दाङ।** पश्चिम दाङको दङ्गीशरण गाउँपालिकाले किसानलाई आधुनिक खेती प्रणालीतर्फ आत्मनिर्भर बनाउने उद्देश्यले ५० प्रतिशत अनुदानमा कृषि उपकरण वितरण गरेको छ । रु २६ लाख २२ हजार २१४ बराबरका कृषि उपकरण किसानलाई वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कर्णबहादुर नेपालीले जानकारी दिए।

गाउँपालिकाका अनुसार आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत कृषि शाखाबाट रु छ लाख र हेफर नामक गैरसरकारी संस्थाबाट रु १० लाख गरी जम्मा रु १६ लाख र किसानका तर्फबाट रु १६ लाख जम्मा भएमध्येबाट बोलपत्र प्रक्रिया गरी अनुदानमा कृषि उपकरण वितरण गरिएको हो।

मिनीट्रिलर २०, रिपर पाँच, चापकटर ११ पानी तान्ने १८ वटा पम्प ५५ जना किसानलाई अनुदानमा वितरण गरिएको छ । रासस

# शहीद परिवार र घाइतेको अधिकार सुनिश्चित गर्न माग्दै धर्ना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश आन्दोलनका शहीद परिवार तथा घाइतेहरूको हक, अधिकार र सम्मान सुनिश्चित गर्नुपर्ने माग गर्दै मधेशी शहीद एवं घाइते हकहित संघर्ष समितिले मंगलबार मधेश भवन अगाडि धर्ना दिएको छ ।

धर्नामा सहभागीहरूले मधेश आन्दोलनका क्रममा ज्यान गुमाएका शहीदका परिवार र घाइतेहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीको ग्यारेन्टी राज्यले गर्नुपर्ने माग गरेका छन् । उनीहरूले शहीद तथा घाइतेहरूको हित संरक्षणका लागि छुट्टै ऐन–कानुन निर्माण गरी मधेशी शहीद प्रतिष्ठानलाई स्वायत्त संस्थाका रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

समितिले शहीद परिवार तथा घाइतेहरूको जीवनयापन सहज बनाउन भरणपोषण भत्ता लागू गर्नुपर्ने मागसमेत अघि सारेको छ ।

संघर्ष समितिका अध्यक्ष तथा मधेशी शहीद प्रतिष्ठानका सदस्य अवधेशप्रसाद पटेलले मधेश आन्दोलनमा योगदान दिएका शहीद र घाइतेहरूको उचित सम्मान र संरक्षणमा राज्य उदासीन रहेको आरोप लगाए । उनले शहीद परिवार र घाइतेका मागप्रति प्रदेश सरकारले चासो नदिए मधेश भवनमा तालाबन्दी गर्ने तथा थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिए। माग सम्बोधन नभए टायर बालेर प्रदर्शनसमेत गरिने उनको भनाइ थियो ।

समितिले आफ्ना मागप्रति संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै शहीद परिवार तथा घाइतेहरूको सम्मान, सुरक्षा र अधिकार सुनिश्चित हुने गरी ठोस नीति तथा कार्यक्रम ल्याउन आग्रह गरेको छ ।

मधेश आन्दोलनको क्रममा ६३ जना शहादत प्राप्त गरेका थिए । संघीयता आएपछि लालबाबु राउत नेतृत्वमा बनेको सरकारले ५२ जना शहीद परिवारलाई रोजगारीको लागि नियुक्तिपत्र दिएकोमा २५ जनालाई मात्रै रोजगारी दिइएको थियो । जसमध्ये अहिले १० जना मात्रै कार्यरत छन् । शहीद परिवार अहिले प्रदेश सरकारको विभिन्न सरकारी कार्यालयमा कार्यालय सहयोगीको रुपमा कार्यरत छन् ।

मधेश सरकारले शहीद परिवारका लागि उपलब्ध गराउने भनिएका सेवा सुविधाबाट आफूहरूलाई वञ्चित गरिएको भन्दै उनीहरूले अनिश्चितकालीन आन्दोलनको घोषणा गरेका छन् ।

पहिलो चरणमा मधेश भवन अगाडि प्रदर्शन गरेका उनीहरूले माग पूरा नभए अझ सशक्त आन्दोलनमा जाने चेतावनी दिएका छन् ।

# जनसहभागिताले मधेशलाई सबैभन्दा साक्षर प्रदेश बनाउन सकिने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहले जनस्तरबाट सहयोग र सक्रिय सहभागिता प्राप्त भए मधेश प्रदेशलाई नेपालकै सबैभन्दा बढी साक्षर प्रदेशका रूपमा विकास गर्न सकिने बताएका छन् ।

युनिसेफद्वारा आयोजित 'आशा द ड्रीम मोशन' कार्यक्रममा बोल्दै मन्त्री सिंहले हाल साक्षरताको सूचकांकमा मधेश प्रदेश पछाडि रहे पनि शिक्षित नागरिकले कम्तीमा एक जनालाई साक्षर बनाउने अभियानमा जुटे छोटो समयमै उल्लेखनीय परिवर्तन सम्भव हुने बताए ।

उनले सीमित स्रोत–साधनका बाबजुद प्रदेश सरकारले साक्षरता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम तथा योजनाहरू अघि सार्न लागेको जानकारी दिए । आगामी बजेटमार्फत प्रत्येक जिल्लाबाट कम्तीमा दुईवटा विद्यालय छनोट गरी कुल १६ विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास गर्ने तयारी रहेको उनले बताए । यसका लागि स्थानीय तहसँग सहकार्य गरिने पनि उनको भनाइ थियो ।

मन्त्री सिंहले प्रविधिमैत्री कक्षा सञ्चालन, कला तथा संस्कृतिसँग सम्बन्धित शिक्षा प्रवद्र्धन, साथै विज्ञान र प्रविधिसँग जोडिएका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने योजनासमेत प्रदेश सरकारले अघि बढाउने उल्लेख गरे ।

कार्यक्रममा युनिसेफ मधेशका फिल्ड कार्यालय प्रमुख अनिता दाहालले युवाको सीप विकास तथा उनीहरूको रुचि र आवश्यकतासँग मेल खाने रोजगारी सिर्जना गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताइन् । उनका अनुसार मधेश प्रदेशको करिब ४० प्रतिशत जनसंख्या १६ देखि ४० वर्ष उमेर समूहमा रहेकाले यस जनशक्तिको प्रभावकारी उपयोग आवश्यक छ ।

दाहालले साझेदारीको माध्यमबाट शिक्षण प्रणालीमा सुधार, युवाको क्षमता अभिवृद्धि, सीपमूलक तालिम तथा रोजगारी सिर्जनाका क्षेत्रमा काम गर्ने लक्ष्य राखिएको जानकारी दिइन् ।

कार्यक्रममा विभिन्न क्षेत्रका प्रतिनिधि, सरोकारवाला तथा युवाहरूको सहभागिता रहेको थियो ।

# कुटपिटबाट गम्भीर घाइते मगनुका परिवारले मागे क्षतिपूर्ति



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको जलेश्वरमा एक व्यक्तिलाई मरनासन्न हुनेगरी कुटपिटबाट गम्भीर घाइते बनाएपछि पीडित परिवारले न्यायको माग गरेका छन् । जलेश्वर नगरपालिका ८ बजराहीमा कुटपीटबाट गम्भीर घाइते भएका मगनु दासका परिवारले न्यायका साथै उपचार खर्च तथा क्षतिपूर्तिको माग गरेका हुन् । यसका साथै आफूहरुले ज्यान मार्ने उद्योगमा जाहेरी दिएपनि कुटपीट तथा अंगभंग मुद्दा मात्रै जिल्ला अदालत महोत्तरीमा दायर गरिएको भन्दै गुनासो समेत गरेका हुन् ।

जनकपुरधाम उपमहानगरपालिका–३की आरती देवी दासले एक पत्रकार सम्मेलनको आयोजना गरी आफ्ना बुवा मगनु दासमाथि कुटपिट गरी गम्भीर घाइते बनाएको तथा हालसम्म कुनै क्षतिपूर्ति वा उपचार खर्च उपलब्ध नगराएको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दर्ता गराएको बताइन् । जाहेरीमा जलेश्वर–८ बजराहीका अमोध ठाकुरलाई प्रतिवादी बनाएको उनले बताइन् ।

दासले आफ्नो बुवाको मानसिक अवस्था असन्तुलित रहेको र गत वैशाख ८ गतेदेखि हराइरहेका थिए । खोजतलासकै क्रममा वैशाख २४ गते बिहान बजराही क्षेत्रमा मरनासन्न हुने कुटपीट गरिएको अवस्थामा फेला परेको उनले बताइन् । उनका अनुसार अमोध ठाकुरले बाँसको भाटाले टाउको तथा शरीरका विभिन्न भागमा प्रहार गरी गम्भीर घाइते बनाएको आरोप लगाइन् ।

घटनापछि प्रहरीले उद्धार गरी उनलाई प्रादेशिक अस्पताल जलेश्वरमा भर्ना गराएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको थियो । चर पीडित परिवारले उचित उपचारकालागि अहिले जनकपुरधामको स्वस्तिका अस्पतालमा घाइते मगनुको उपचार गराई रहेका छन् ।

पीडितकी छोरी दासले दोषीलाई कडा कारबाही गर्नुका साथै ज्यान मार्ने उद्योगको कसुरमा कारबाही गर्न माग गरेकी छन् । प्रतिवादी अमोद अहिले प्रहरी नियन्त्रणमा छन् ।

# रास्वपाद्वारा मधेश प्रदेश अधिवेशनका गतिविधि स्थगन



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मधेश प्रदेश अधिवेशनसँग सम्बन्धित सम्पूर्ण गतिविधि अर्को सूचना नभएसम्मका लागि स्थगित गरेको छ ।

रास्वपा केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले मंगलबार विज्ञप्ति जारी गरी अधिवेशनका सम्पूर्ण प्रक्रिया तत्कालका लागि स्थगित गरेको जानकारी दिए ।

निर्वाचन आयोगले पार्टीको विधान, २०७९ (तेस्रो संशोधनसहित)को दफा ४१ तथा दफा ४९ बमोजिम प्राप्त अधिकार प्रयोग गरी यस्तो निर्णय गरेको प्रमुख केसीले बताए ।

मधेश प्रदेश अधिवेशनलाई निष्पक्ष, पारदर्शी, विश्वसनीय र विधिसम्मत ढङ्गले सम्पन्न गर्न सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिएकाले हाललाई सबै गतिविधि अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको निर्वाचन आयोगले जनाएको छ । उक्त निर्णयसँगै प्रतिनिधि छनोट प्रक्रिया, निर्वाचन कार्यक्रम र कार्यतालिका, उम्मेदवारी दर्ता प्रक्रिया, चुनावी प्रचारप्रसार, बैठक, भेला तथा अधिवेशन आयोजनासँग सम्बन्धित अन्य सम्पूर्ण काम रोकिएका छन् ।

मधेश प्रदेशमा अधिवेशन पुनः सञ्चालन हुने मिति, समय तथा संशोधित कार्यतालिकाबारे केन्द्रीय निर्वाचन आयोगबाट आधिकारिक रूपमा पछि जानकारी गराइने बताइएको छ ।

आयोगले अर्को निर्देशन जारी नभएसम्म मधेश प्रदेशमा अधिवेशनसँग सम्बन्धित कुनै पनि नयाँ गतिविधि सञ्चालन नगर्न सम्बन्धित सबै पक्षलाई आग्रहसमेत गरेको छ ।

**रास्वपा पर्सामा पन्त दोहोरिए**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्सा जिल्ला समितिको नेतृत्व चयनका लागि सम्पन्न निर्वाचनमा बुद्धिप्रसाद पन्त (हरि पन्त) जिल्ला सभापतिमा निर्वाचित भएका छन् । निर्वाचन संयोजक डा. नन्दन यादवका अनुसार पन्तले १ सय ६६ मत प्राप्त गर्दै सभापति पदमा विजयी भएका हुन् । उनका प्रतिद्वन्द्वी सुशील साह कानुले १ सय १८ मत प्राप्त गरे ।

उपसभापति पदमा दिलिपकुमार कुर्मी १ सय ६२ मतसहित विजयी भए । उनका प्रतिस्पर्धी रणदिप श्रीवास्तवले १ सय १४ मत प्राप्त गरे । त्यसैगरी सचिव पदमा सुदिशकुमार प्रजापति १ सय ६० मतसहित निर्वाचित भए भने उनका प्रतिद्वन्द्वी शिवकुमार साहले १ सय १६ मत पाए । सहसचिव पदमा कृष्णा पासवान १ सय ४९ मतसहित विजयी भइन् । उक्त पदका अर्का उम्मेदवार निरजकुमार साहले १ सय १३ मत प्राप्त गरे । पाँच सदस्यका लागि भएको निर्वाचनमा प्रियंका कुमारी कुर्मी (१५५), तुलसा पौडेल अधिकारी (१६०), कामोध्या चौधरी (१३३), पूर्णबहादुर सापकोटा (१३१) र शशीदेवी थरुनी (१००) निर्वाचित भएका छन् । एक सदस्य पद बाहेकका सबै पदमा पन्त पक्षको संस्थापक प्यानल विजयी भएको हो । सदस्य पदमा कानु पक्षबाट शशीदेवी थरुनी निर्वाचित भएकी हुन् । निर्वाचन संयोजक डा. यादवले निर्वाचन प्रक्रिया शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न भएको जानकारी दिए ।

# सभापतिलाई कारबाही गरिएपछि धनुषा अधिवेशन अनिश्चित



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) धनुषाको जिल्ला अधिवेशन अन्तिम समयमा आएर स्थगित गरिएको छ । मंगलबारका लागि तय गरिएको अधिवेशनमा विवाद चर्किने सम्भावना देखिएपछि अर्को सूचना जारी नभएसम्म कार्यक्रम रोकिएको हो ।

जिल्ला सभापति लक्ष्मेश्वर यादवमाथि केन्द्रीय अनुशासन आयोगले सोमबार अनुशासनात्मक कारबाही गर्दै पदबाट हटाउने निर्णय गरेपछि पार्टीभित्र असन्तुष्टि बढेको थियो । सोही विषयलाई लिएर अधिवेशनस्थलमा तनावपूर्ण अवस्था सिर्जना हुने संकेत देखिएपछि नेतृत्वले अधिवेशन स्थगित गर्ने निर्णय गरेको जनाएको छ ।

कार्यक्रमअन्तर्गत खुला सत्र सुरु गर्ने तयारी भइरहेका बेला जिल्ला पर्यवेक्षक बेचन यादवले सभापतिमाथि गरिएको कारबाहीको विरोध जनाउँदै उक्त विषय स्पष्ट नभएसम्म अधिवेशन अगाडि बढ्न नदिने अडान लिएका थिए । त्यसपछि निर्वाचन प्रक्रिया र अन्य कार्यक्रम प्रभावित बनेका थिए ।

केन्द्रीय अनुशासन आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालका अनुसार लक्ष्मेश्वर यादवमाथि पार्टी विधान, आचारसंहिता तथा विभिन्न कार्यविधिको पालना नगरेको, पदीय जिम्मेवारीअनुसार कार्यसम्पादन गर्न नसकेको, संगठनभित्र अनावश्यक हस्तक्षेप गरेको तथा समूहगत गतिविधिलाई प्रोत्साहन दिएको आरोप लगाइएको छ । ती आधारमा उनलाई जिम्मेवारीबाट हटाउने निर्णय गरिएको आयोगले जनाएको छ । यसैबीच मधेस प्रदेशका विभिन्न जिल्लामा रास्वपाको संगठनात्मक अधिवेशनका क्रममा विवाद देखिन थालेको छ । कतिपय जिल्लामा खुला सत्रपछि बन्द सत्रमा मतभेद बढेर प्रक्रिया रोकिएको छ भने केही स्थानमा अधिवेशनको औपचारिक सुरुआतसमेत हुन सकेको छैन । आन्तरिक विवादका कारण प्रदेशका अधिकांश जिल्लामा अधिवेशन प्रक्रिया प्रभावित बन्दै गएको देखिएको छ ।

# सापु रोगको जोखिम बढ्दै, जनकपुरधाममै शल्यक्रिया सेवा सञ्चालन माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सापु रोगको ५०औँ वार्षिकोत्सवको अवसरमा स्वास्थ्य निर्देशनालय, मधेश प्रदेशले निगरानी सुदृढीकरण, जनचेतना तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ । सापु रोगका कारण बढ्दो स्वास्थ्य जोखिमलाई ध्यानमा राख्दै सचेतना र निगरानीलाई प्रभावकारी बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले सापु रोगका बिरामीलाई सहज उपचार सेवा उपलब्ध गराउन जनकपुरधाममै शल्यक्रिया सेवा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याए । उनले हाल सिरहाको लहानमा मात्रै शल्यक्रिया सेवा उपलब्ध रहेकाले जनकपुरधाममा पनि यस्तो सेवा विस्तार गर्न आवश्यक रहेको बताए ।

साथै, जनकपुरधामस्थित जानकी आँखा अस्पताललाई थप व्यवस्थित र सुदृढ बनाउन सम्बन्धित निकायले ध्यान दिनुपर्ने धारणा राखे ।

स्वास्थ्य निर्देशनालयका निर्देशक सरोजचन्द्र न्यौपानेले वातावरणीय परिवर्तनका कारण सापु रोगको जोखिम बढ्दै गएको बताए । उनका अनुसार बागमती प्रदेशमा रोगको प्रकोप बढ्दो क्रममा रहेकाले मधेश प्रदेश पनि जोखिमको दायरामा पर्न सक्ने अवस्था देखिएको छ । उनले समयमै जनचेतना अभिवृद्धि, निगरानी र रोकथामका उपायलाई प्रभावकारी बनाउन आवश्यक रहेको उल्लेख गरे ।

न्यौपानेले सापु रोगको नियन्त्रण तथा व्यवस्थापनका लागि मधेश प्रदेश सरकारले आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनतर्फ अघि बढ्ने जानकारी दिए ।

कार्यक्रममा स्वास्थ्यकर्मी, सरोकारवाला निकायका प्रतिनिधि तथा विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता रहेको थियो ।

नेपालमा सापु रोग पहिलोपटक विसं २०३२ सालमा पोखरास्थित एक विद्यालयमा पहिचान गरिएको थियो ।

यो रोग विशेषगरी बालबालिकामा बढी देखिने भए पनि ३८ दिनका शिशुदेखि ८० वर्षसम्मका व्यक्तिमा समेत संक्रमण देखिने गरेको चिकित्सकहरू बताउँछन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन